*प्रमुख व्यवस्थापक*
**विद्यासागर रञ्जित**
फोन: ४२५ ८९५५

*व्यवस्थापकहरू*
**चिनीकाजी महर्जन**
फोन: ४२५ ३१८२
**ज्ञानेन्द्र महर्जन**
फोन: ४२७ ६९०८

*सह-व्यवस्थापक*
**ध्रुवरत्न स्थापित**

*सम्पादन सहयोगी*
**भिक्षुणी शुभवती**

*सम्पादक*
**भिक्षुणी वीर्यवती**
**फोनः ४२५ ९४६६**

*प्रधान सम्पादक*
**भिक्षु अश्वघोष महास्थविर**
**४२५९११० (संघाराम विहार, ढल्को)**

*प्रकाशक र विशेष सल्लाहकार*
**भिक्षुणी धम्मवती**
फोन: ४२५ ९४६६

*कार्यालय*
**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
**धर्मकीर्ति विहार**
श्रीघ: नघ:टोल

पोष्ट बक्स नं. ४९९२
काठमाडौं
फोन: ४२५ ९४६६

बुद्ध सम्वत् २५५६
नेपाल सम्वत् ११३२
इस्वी सम्वत् २०१२
बिक्रम सम्वत् २०६९


| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | १०००/- |
| | वा सो भन्दा बढी | |
| वार्षिक | रु. | १००/- |
| यस अङ्कको | रु. | १०/- |


# धर्मकीर्ति

(बौद्ध मासिक)

# THE DHARMAKIRTI

## A Buddhist Monthly

**4th JUNE 2012**

| वर्ष- ३० | अङ्क- २ | ज्याः पुन्हि | ज्येष्ठ २०६९ |
|---|---|---|---|





**निदाएको व्यक्तिहरूको गाउँसमेत बाढीले बगाए झैं पुत्र, पुत्री र प्राणीहरू प्रति आसक्त भइरहने ब्यक्तिहरूलाई मृत्युले बसमा पार्दछ ।**

**मृत्युले आक्रमण गर्ने समयमा हामीलाई आफ्नै छोरा छोरी, बाबु आमा एवं वन्धुहरूले पनि रक्षा गर्न सक्दैनन् ।**

**यहाँ वर्षकालमा वस्छु, यहाँ हेमन्त ऋतुमा वस्छु आदि भनी मूर्खजनले कल्पनायुक्त योजना बनाएर राख्छन् । तर वीचमा नै मृत्यु भय आउने कुरा उसलाई थाहा हुँदैन ।**

**त्यसैले हे पण्डित जन हो ! समयमा नै शीलवान् बनी निर्वाण तर्फ लग्ने मार्गलाई प्राप्त गर्न कोशिस गर ।**

Downloaded from http://www.dhamma.digital

## ▪ सम्पादकीय ▪

# आशिर्वाद

'आशिर्वाद' लोकप्रिय शब्द हो । प्रायःजसो मान्यजनले दिने शुभकामना शब्द हो यो । अर्को भाषामा भन्ने हो भने मान्यजनले आफू मुन्तिरका व्यक्तिहरूले सफलता प्राप्त गरुन् भनी कल्याण कामना गरी प्रकट गरिने शुभेच्छालाई आशिर्वाद भनिन्छ ।

एकपटक वैशालीमा रोग भय फैलिएको थियो । त्यहाँका जनता यस भय देखि भयभित भई भगवान् बुद्ध समक्ष पुगी यसरी प्रार्थना गर्नथाले–

'भो शास्ता ! हामी सबै विपत्तिमा परेका छौं। त्यसैले तपाईंको आर्शिर्वाद थापी शान्ति प्राप्त गर्न यहाँ आएका छौं ।'

भगवान् बुद्धले आशिर्वाद दिनु अगाडि सोच्नुभयो– 'यो मेरो सत्य र मैत्रीको परीक्षा हो । मानिसहरूको मन कमजोर भइरहेको छ । त्यसकारण यो अवस्थामा मैले उनीहरूको हीतार्थ कार्य गर्नु अनिवार्य छ ।'

यति सोच्नुभई उहाँले यसरी अधिस्थान गर्नुभयो– 'जहिलेदेखि मैले दरवार त्यागें, त्यो बेलादेखि मैले जनताको हीत सुख कामना गरी कल्पना गरें, कुरा गरें, काम पनि गरें । यो सबै मैत्री र करुणाको आधार हो । मेरो चित्त शुद्ध छ । यो मेरो सत्य वचन हो । यो सत्य वचनको प्रभावले शान्ति स्वस्ति होस् ।' यति भनी भगवान बुद्धले सत्य वचनको आधार लिई आशिर्वाद दिनुभयो ।

अनि त्यहाँ आएका सबै भक्तजनले भगवान् बुद्धको शान्त र शुद्ध आशिर्वाद थापी धैर्य धारण गरे । सबैको मनले आनन्द प्राप्त गरे । त्यसपछि त्यहाँ वर्षा भयो । रोग भय हरण हुँदै गए । यस घटनालाई पालि साहित्यमा उल्लेख गरिएको छ । आजभोलि पनि धेरैजसो बुद्ध अनुयायीहरूले विरामी पर्दा, जन्मोत्सवको उपलक्ष्यमा भिक्षु भिक्षुणीहरूबाट आशिर्वाद लिने गरेको पाइन्छ । भिक्षुहरूले पनि त्रिरत्न गुण र बुद्धको मैत्री करुणा स्मरण गरी परित्राण पाठ गर्दै आशिर्वाद दिने चलन चल्ति रहेको छ । आशिर्वाद लाग्छ पनि । यस्तो आशिर्वादले औषधिले जस्तै रोग निको पारेको अनुभव गर्दछन् कतिपय व्यक्तिले । परित्राण पाठ गरेर आशिर्वाद दिने कार्यलाई मनोवैज्ञानिक उपचार भनिन्छ ।

मातापिताको आशिर्वाद छोराछोरीलाई लाग्छ। त्यसैले होला धेरैजसो ट्रक र बसको पछाडि यसरी लेख्ने गरेको पाइन्छ– "आमा बुबाको आशिर्वाद"

शुभकामना र आर्शिवाद शब्दमा फरक छ। आजभोलि नयाँ वर्षको उपलक्ष्यमा राजनैतिक पार्टीको कार्यालयमा र सरकारी कार्यालयमा चिया पार्टीको आयोजना गर्दा शुभकामना दिने चलन छ । यो शुभकामना कसैले कसैलाई करकापमा परेर पनि दिने गरेको छ। यस शुभकामनाले पनि केही हदसम्म केही क्षणकै लागि भएपनि मनमुटाव र द्वेषभाव कम गर्न साथ दिइरहेको देखिन्छ । तैपनि आशिर्वादले दीर्घायु र सुस्वास्थ्य लाभको लागि प्रत्यक्ष असर पारिरहेको हुन्छ। तर यसको लागि विश्वास अत्यावश्यक छ ।



Downloaded from http://www.dhamma.digital

# धम्मपद – २५१

✍ प्राज्ञ रीना तुलाधर (बनिया)
*'परियत्ति सद्धम्म कोविद'*

**हत्थ संञ्ञतो पादसञ्ञतो, वाचाय सञ्ञतो सञ्ञतुत्तमो अज्झत्तरतो समाहितो, एको सन्तुसितो तमाहू भिक्खू**

अर्थ– जसले हात, खुट्टा, वचनलाई उत्तम प्रकारले संयम गर्छ, जसको चित्त ध्यानमा राम्ररी लागीरहन्छ, जो सन्तुष्ट एकान्तवासी हुन्छ, ऊ नै साँच्चैको भिक्षु हो ।

घटना– उपरोक्त गाथा भगवान बुद्धले श्रावस्ती स्थित जेतवन विहारमा बस्नु भएको बेला एउटा त्यस्ता भिक्षुको कारणमा बताउनु भएको थियो । जसले एउटा हाँसको ज्यान लिएको थियो ।

श्रावस्ती नगरमा दुईजना मानिसहरू भगवान बुद्धको शासनमा प्रव्रजित भई उपसम्पन्न पनि भए । साथी साथी भएकोले तिनीहरू दुईजना जहाँतहीँ सँगसँगै हिंड्ने गर्थ्यो । एकदिन तिनीहरू अचिरवती नदीमा नुहाएपछि किनारमा घाम तापेर बसीरहेका थिए । त्यतिबेला दुईवटा हाँसहरू आकाशमा उडेर आइरहेको तिनीहरूले देखे ।

दुईजना भिक्षुहरू मध्ये एकजनाले अर्कोलाई भने "मैले ढुङ्गाले हिर्काएर हाँसको आँखैमा पारीदिन सक्छु ।" अर्कोले भने– "तैंले त्यस्तो गर्न सक्तैनस् ।"

"मैले गरेर देखाउँछु, हेर न तँ ।" भन्दै एउटा ढुङ्गा लिई हिर्काए । ढुङ्गाको आवाज सुनी फर्केको हाँसमाथि उनले फेरि अर्को ढुङ्गाले हिर्काउँदा हाँसको आँखैमा परी दुईवटै आँखाबाट छिरी निस्क्यो । हाँस ठूलो वेदनाले कराई उनीहरूकै अगाडि आएर लडे ।

यो घृणापूर्ण काम देखेर त्यहाँ भएका अरु भिक्षुहरूले उनको घोर निन्दा गरे– "आयुस्मान तिमीले बुद्ध शासनमा प्रव्रजित भएर अति नै अयोग्य ढङ्गले प्राणीहिंसा गर्‍यौ ।" अनि ती भिक्षुहरूले उनीलाई भगवान बुद्धकहाँ लगेर सबै कुरा सुनाइदिए ।

भगवान बुद्धले सोध्नुभयो– "के यो साँचो हो, तिमीले प्राणीहिंसा गर्‍यौ ?" भिक्षुले "हो" भनेर जवाफ दिएपछि बुद्धले तिनीलाई गाली दिँदै सम्झाउनु भयो– "तिमीले बुद्ध शासनमा प्रव्रजित भएर पनि यस्तो नीचकाम गर्‍यौ । पहिला पहिलाका पण्डितहरूले बुद्ध उत्पन्न नभएको बेला घर गृहस्थीमा बसेर सानो पाप पनि संकोच मानी गरेनन् । तिमीले त यस्तो परिशुद्ध शासनमा प्रव्रजित भएर पनि पाप गर्नुमा अलिकति पनि संकोच गरेनौ ।" यसरी गाली दिने भाषामा सम्झाउँदै भगवान बुद्धले यसै प्रसङ्गमा कालिङ्ग जातक कथा पनि सुनाउनु भयो ।

कथाको अन्त गरी बुद्धले फेरि भिक्षुलाई भन्नुभयो– "पहिला-पहिलाका पण्डितहरूले अलिकति मात्र शङ्का हुँदा पनि आफ्नो शील व्रत तोडेनन् । तिमी भयौ बुद्धको शासनमा प्रव्रजित भएर पनि प्राणीहिंसा जस्तो ठूलो अपराध गर्‍यौ । भिक्षुहरूले त हात, खुट्टा, वचनले पनि संयमित भएर बस्नु पर्छ ।" यसरी आज्ञा भएर भगवान बुद्धले उपरोक्त गाथा भन्नुभयो । ❖

### धर्मकीर्ति पत्रिकाको विशेष सदस्यहरू

*क्र.सं. ७०६*
**मय्जु अमिता मानन्धर**
नित्यनाथ मार्ग, ठहिंटी, काठमाडौं
रु. ११००/–

*क्र.सं. ७०७*
**भाजु प्रेमबहादुर श्रेष्ठ**
खा:वाहा:, ज्याठा, काठमाडौं
रु. १०००/–

*क्र.सं. ७०८*
**भाजु हरिओम जोशी**
स्वर्णिम बस्ती, चागल, काठमाडौं
रु. १०००/–

*क्र.सं. ७०९*
**भाजु रामकृष्ण मानन्धर**
बनस्थली, बालाजु, काठमाडौं
रु. १०००/–


*क्र.सं. ७१०*
**भाजु लक्ष्मण उदास**
पुरानो बानेश्वर, काठमाडौं
रु. ११०५/–



Downloaded from http://www.dhamma.digital

# बुद्धको व्यक्तित्व

✐ भिक्षु अश्वघोष
*संघनायक, संघाराम*



सिद्धार्थ कुमारले ३५ वर्ष पुग्दा संसारमा दुःख व्याप्त छ, दुःखको कारण तृष्णा (जति भए पनि नपुग्ने इच्छा) हो, दुःखबाट मुक्त हुनसकिन्छ र दुःखबाट मुक्त हुने बाटो आर्य अष्टाङ्गिक मार्ग पत्ता लगाई बुद्धत्व प्राप्त गर्नुभयो । शुद्ध बुद्ध हुनुभयो । बुद्धत्व प्राप्त गर्नुभएपछि आफूले प्राप्त गरेको धर्म ज्ञान प्रचार गर्नुपर्‍यो भन्ने विचार गर्दा, 'यो मैले प्राप्त गरेको ज्ञान साधारण अज्ञानी स्वार्थी मानिसहरूले बुझ्नेखालको छैन । बुझे पनि व्यवहारमा उतार्न सजिलो छैन । मैले प्राप्त गरेको ज्ञान साह्रै गम्भीर रहेछ ।' यस्तो विचार गर्नुभई धर्म प्रचार नगरी एक्लै जङ्गलमा गई आध्यात्मिक सुख अनुभव गर्दै बस्ने विचार गर्नुभयो । एक छिनपछि होशमा आयो र आफूलाई आफैले अर्ति दिन थाल्नुभयो, 'केको लागि दरवार त्यागी दुःखकष्ट गरेर बुद्धत्व प्राप्त गरेको ? **बहुजन हिताय बहुजन सुखाय** धर्म प्रचार गर्ने चिताएर बुद्धत्व प्राप्त गरेको के को लागि ? बिर्स्यौ ? कसरी निराश भएर पलायनवादी बनेको ? मानिसहरू सबै मूर्ख छन् भन्ने ठानेको ? धर्मको ज्ञान बुझ्ने खालका मानिस पनि छन् । मसँगै तपस्या गरिरहेका पञ्च भद्र वर्गीय पाँचजना मिथ्या दृष्टिका भए पनि उनका मनभित्र ज्ञानको भण्डार लुकिराखेको छ । म उनीहरूलाई धर्मको ज्ञान भनिदिन्छु । अनि ज्ञानको मूल फुटेर आउँछ । उनीहरूबाट धर्म प्रचार हुनेछ । अनि अज्ञानीहरू बोध हुनेछन् ।

यसरी विचार गरी पञ्च भद्रहरू बसेको ठाउँ सारनाथमा बुद्ध जानुभयो र आफ्नो परिचय दिनुभयो–

**अभिञ्ञेय्य अभिञ्ञातं, भावे तब्बं चभावितं,**
**पहातब्बं पहीनं मे तस्मा बुद्धोस्मि भद्दवा ।**

हे साथीहरू, मैले बुझ्नुपर्ने चतुआर्य सत्य र दुःखबाट मुक्त हुने बाटो खूब अध्ययन गरें, अभ्यास पनि गरें, मनमा रहेको क्लेश र पुराना संस्कार जम्मै उखेलेर फालिदिएँ । अनि मात्र म बोध भएको बुद्ध बनें ।

हे पञ्च भद्रहरू, ध्यान दिएर सुन, अध्ययन गरेर र अभ्यास गरेरमात्र पुग्दैन, नराम्रो भावना, मिथ्या दृष्टिलाई त्यागी चित्त शुद्ध गरेर मध्यममार्गी बनी आचरण गर्नुपर्दो रहेछ । यी कुरा सुनी पञ्च भद्र वर्गीहरूले आफ्नो मनभित्र रहेको ब्राह्मण संस्कार त्यागीदिएपछि उनी बोध भए ।

त्यसपछि ४५ वर्षसम्म बुद्धले धर्म प्रचार गर्नुभयो । सबै संस्कार अनित्य (परिवर्तनशील) भन्नुभए जस्तै बुद्ध ८० वर्षमा पुग्दा वैशाख पूर्णिमाको दिन परिनिर्वाण (मृत्यु) हुने बेला भयो । उहाँबाट गर्नुपर्ने सबै कार्य पूरा गर्नुभयो । धर्म र विनय नीति निरन्तरता टिकाउको लागि धर्म उपदेश दिंदै भिक्षु संघ स्थापना गर्नुभयो । आफू बितेपछि बुद्ध शासन सञ्चालनको लागि उत्तराधिकारी नियुक्त गर्नुभएन । बरु आफूले प्रचार गरेको धर्म र विनय नीति नै गुरु सम्झनु भयो । उहाँले यसरी पनि भन्नुभयो, **'म मरेपछि पुष्प धुपले पूजा गरिरहनुभन्दा अप्रमादि (होसियार) भई सधैं धर्म आचरण गरी जीवनयापन गर्नेछ भन्ने मेरो इच्छा हो । अप्पमादन सम्पादेथ अर्थात् बेहोस नभई दुःखबाट मुक्त हुनको लागि आफूले नै प्रयत्न गर्नुपर्छ ।'**

**'तुम्हेही किच्चं आतप्पं अक्खातारो तथागतोः ।**
**सुद्धि असुद्धि पच्चत्तं नाञ्ञमञ्ञो बिसोधये ।'**

अर्थात्, शुद्ध हुनु, अशुद्ध हुनु आआफ्नो कामको खेल हो । काममा आफू आफूले नै कोसिस गर्नुपर्छ । तथागत बुद्ध त मार्ग प्रदर्शकमात्र हो । यो बुद्धको अन्तिम वचन हो ।

यसरी विचार गर्दा बुद्ध साधारण मानिसजस्तो लाग्छ । त्यस्तो देखे तापनि अंगुत्तर निकायअनुसार उहाँ



Downloaded from http://www.dhamma.digital

उत्तम आश्चर्यको व्यक्ति हुनुहुन्छ किनकि नाना प्रकारको विकार कुसंस्कारबाट मुक्त हुनुहुन्छ । जसरी अशुद्ध फोहरीमा उम्रेर पनि पानी अलग भएर निर्मल कमलको फूल जस्तै बुद्ध पनि परिशुद्ध हुनुहुन्छ। मनलाई बसमा राख्नुभयो। साधारण मानिस जस्तो मन जहाँ जहाँ जान्छ, त्यसरी बुद्ध जानुहुन्न । उहाँ यथावादी तथाकारी अर्थात् जसरी बोल्नुहुन्छ त्यसरी नै काम गर्नुहुन्छ। यही नै बुद्धको आश्चर्य लक्षण हो ।

आफू सम्पूर्ण रुपले परोपकारमा लागी निःस्वार्थमा पारंगत भइसकेपछि मात्र अरु स्वार्थी मानिसहरूलाई असल मानिस बन्नुपर्छ भन्ने बुद्ध भन्नुहुन्छ। उहाँ शुद्ध, निःस्वार्थ व्यक्ति हुनुहुन्छ । उहाँले कहिल्यै पनि आशा गर्नुभएको थिएन, उहाँलाई देवताको जस्तो पूजा सम्मान गर्नु ।

बुद्धले भन्नुभएको थियो, 'आचरण राम्रो पार्नु, असल मानिस बन्नू। योग्य व्यक्तिलाई पूजा गर्नु त पर्छ तर अन्ध विश्वासी बनेर होइन ।'

त्यसो भए पनि उहाँको मृत्युपछि बुद्ध शिक्षा बिर्सी आचरण राम्रो पार्नतिर ध्यान नदिई उहाँको मूर्ति निर्माण गरेर भक्तिमार्गतिर ढल्के अनुयायीहरू । यो पुरानो संस्कारको पुनर्जागरणको लक्षण हो ।

अब केही अमूल्य बुद्ध शान्तिको सन्देश स्मरण गरुँ । सही शान्ति चाहन्छौं भने अरुको कमजोरीमात्र नखोजौं । बुद्धको विचारअनुसार आलोचना गर्न त सक्छ तर रचनात्मक ढंगले गर्नु राम्रो हो, ध्वंसात्मक होइन ।

फेरि अर्को राम्रो बुद्धको सन्देश हो, शत्रुको पनि केही गुण स्मरण गरौं । केही गुण स्मरण गर्दा द्वेष भाव कम हुन्छ। गल्ती नभएको मानिस कमैमात्र पाइएला ।

अर्को स्मरणीय कुरा, अरुले नराम्रो कुरा गरिरहेको र नराम्रो काम गरिरहेको देख्दा उसप्रति प्रतिक्रियाभन्दा पहिले सोच्नुपर्नेछ, आफूले त्यस्ता नराम्रो कुरा र काम गरिरहेको छ कि छैन। आजभोलि त केही राजनीतिक नेता अरु पार्टीको नकारात्मक ढङ्गले आलोचनामात्र गरिरहेको सुनिन्छ र देखिन्छ । यो शान्तिको विपरीत काम हो । बुद्धको शान्तिको सन्देश त सकारात्मक छ, नकारात्मक होइन । बुद्ध जयन्तीको उपलक्ष्यमा सकारात्मक कुरा र काम गर्न सके सही बुद्ध जयन्ती मनाएको हुन्छ। हामी केही हदसम्म गुणी बन्न प्रयत्न गरौं । ❖

## धर्मोदय सभाले श्रद्धाञ्जली सभा सम्पन्न गऱ्यो



*लोकदर्शन बज्राचार्यको शव यात्रामा सहभागी श्रद्धालुहरू*

*२०६९ वैशाख ८ गते, शुक्रवार*

धर्मोदय सभाका आजीवन सल्लाहकार तथा पूर्व अध्यक्ष लोकदर्शन वज्राचार्यको असामयिक निधन भएकोले उहाँको पूण्य स्मृतिमा धर्मोदय सभाले श्रद्धाञ्जली सभा सम्पन्न गरिएको समाचार छ। उक्त सभामा विभिन्न संस्थाका पदाधिकारीहरूले स्व. वज्राचार्यको बहुआयामिक व्यक्तित्व बारे प्रकाश पार्नुभएका थिए। ❖



Downloaded from http://www.dhamma.digital

# लोकदर्शन बज्राचार्यलाई सम्झँदै

✍ मीरा ज्योति



लोकदर्शन बज्राचार्यको शव यात्रा हुँदै

वि.सं. १९८७ साल फागुन ४ का दिन असन सुरतश्री महाविहार, तःक्षबहालमा पिता बुद्धदर्शन हर्ष बज्राचार्य माता सेतीनानी बज्राचार्यका कोखबाट जन्मनु भएका आदरणीय लोकदर्शन बज्राचार्य, देश एवं विदेशमा चीर परिचित बौद्ध व्यक्तित्व हुनुहुन्छ। बहुआयामिक एवं प्रभावशालि व्यक्तित्व भएका वहां लोकदर्शन बज्राचार्यज्यूले तत्कालिन नेपालको धार्मिक, सामाजिक एवं राजनैतिक क्षेत्रमा भएका विसंगतिहरू हटाउन क्रान्तिकारी भूमिका निर्वाह गर्नु भएको थियो ।

तत्कालिन राजा महेन्द्रको निजी सचिव हुँदा सन् १९५६ मा नेपालमा आयोजना भएको चतुर्थ विश्व बौद्ध सम्मेलन, सफलतापूर्वक सम्पन्न हुनुमा वहांको ठूलो देन छ र नेपाललाई अन्तरराष्ट्रिय जगतमा चिनाउने कार्यमा वहांको महत्वपूर्ण भूमिका रहेको थियो । त्यस्तै सन् १९८६ मा नेपालमा पुनः १५ औं विश्व बौद्ध सम्मेलन आयोजनामा पनि वहाँको सक्रिय एवं महत्वपूर्ण योगदान रह्यो। लोकदर्शन बज्राचार्यले सामाजिक, धार्मिक एवं परोपकारिताको क्षेत्रमा आफ्नो जीवनको ६ दशक भन्दा बढी लामो समयसम्म पुऱ्याउनु भएको सेवा र समर्पणको वर्णन यहाँ क्षणिक समयमा गरी सकिन्न होला, तरपनि केही महत्वपूर्ण पक्षलाई म यहाँ समेट्ने प्रयास गर्ने छु ।

व्यक्तिगत रुपमा भन्नुपर्दा मेरो बाल्यकालको एउटा रमाइलो घटनाबाट वहाँसंग मेरो परिचय शुरु भएको थियो। सानै उमेरमा मलाई आमाले St. Joseph's Convent कालिम्पोङ्गमा पढाइको लागि भर्ना गरिदिनु भयो, जुन स्कूलमा बासन्ति दिदी पनि पढ्दै हुनुहन्थ्यो । तत्कालिन राजा महेन्द्र दार्जिलिङ्गमा आफ्ना छोराहरूलाई भेट्न आउनेक्रममा हाम्रो स्कुलमा पनि आउनु भयो र हामी नेपालीहरू सबै राजाको स्वागतका लागि लाइनमा खडा गरियो। राजाका साथै त्यस्तै फुर्तिलो वहाँको निजि सचिव लोकदर्शनज्यू पनि आउनु भयो र यो सुन्नमा आयो कि त्यहाँ बासन्ति दिदी देखेपछि वहाँले बिवाहको प्रस्ताव राख्नु भएको थियो । वहाँ अन्यन्त परोपकारी भावनाको व्यक्ति हुनुहुन्छ भन्ने कुरा बुबा कुलबीरसिं, आमा रत्नदेवी र ससुरा स्व. मणिहर्ष ज्योतिबाट मैले धेरै सुनेको छु । वहाँले कोहि आफन्त वा साथि भाइ जो कोहिलाई पनि स्वास्थ्य उपचार गराउन देश वा विदेशमा जान परेमा सहयोग गर्नु हुन्थ्यो । कसैलाई देश वा विदेशका स्कूलमा पढाउन परेमा सहयोग गर्ने गुण, वहाँमा बिद्यमान थियो । अर्को एउटा घटनाको सम्झना छ । त्यतिवेला असनमा लाखबत्ती होम हुँदा राजा महेन्द्रको



Downloaded from http://www.dhamma.digital

सवारी भयो र जनताले को राजा को निजी सचिव चिन्न सकेन भन्ने पनि कथन छ ।

गत केही बर्ष अगाडि हाम्रा २८ बर्षको भान्जा संजयको दिल्लीमा असामयिक निधन हुँदा त्यतिबेला लोकदर्शन दिल्ली मै हुनुहुन्थ्यो र अन्तिम संस्कारका लागि भिक्षुहरूलाई ल्याउनु भई विधिपूर्वक पाठ गराइदिनु भएको वहाँको गुण हामी परिवारका लागि सधैं अविस्मरणीय हुनेछ । १५ औं विश्व बौद्ध सम्मेलनमा मैले स्व. ससुरा मणिहर्ष ज्योति र लोकदर्शनज्यूसँग स्वयमसेवी भई काम गर्ने सुअवसर पनि पाएँ । धर्मोदय सभाको तत्वावधानमा धर्मोदय लुम्बिनी विहार तथा गुम्बा निर्माण समन्वय समितिमा पनि मैले वहाँसँग नजिक रहेर काम गर्ने मौका पाएं । यस समितिको नेतृत्व लिई लोकदर्शनज्यूको प्रेरणा र अथक प्रयासले स्वयम्भू आकारको महाचैत्य निर्माणको अन्तिम चरणसम्म ल्याउनेमा हामी सफल भएका छौं । तर अझ पनि सजावतका  काम बाँकी छ । यसलाई सम्पन्न गर्ने हाम्रो दायित्व हुन्छ र वहाँको सपनालाई हामी साकार गर्नु पर्छ भन्ने हाम्रो प्रतिबद्धता रहेको छ ।

लोकदर्शन बज्राचार्यज्यूको जीवनको एउटा महत्वपूर्ण पक्ष भनेको बुद्ध जन्मभूमि लुम्विनीको विकासमा पुऱ्याउनु भएको अथक योगदान हो । वि.सं. २०३२ देखि वि.सं २०४२ सम्म लुम्बिनी विकास समितिको अध्यक्ष पदमा रही लुम्बिनीमा जग्गा अधिग्रहण, बाटो तथा वृक्षारोपण र विजुलि बत्ति पुऱ्याउने जस्ता महत्वपूर्ण कार्य गर्नुभएको थियो । वहाँकै कार्यकाल सन् १९७८ मा लुम्बिनी अन्तरराष्ट्रिय बर्ष मनाएको थियो । वहाँ सधैं लुम्बिनीको विकाससँग सम्बद्ध रहनु भयो ।

बौद्ध महिला संघ, नेपालका आदरणीय सल्लाहकार लोकदर्शन बज्राचार्यज्यूबाट संघको उत्तरोत्तर उन्नतिका लागि सधैं हामीलाई प्रेरणा एवं हौसला बढाइरहनु हुन्थ्यो । महिलाहरू पनि पुरुषहरूको साथ धर्म र समाजमा महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्छ भन्ने वहाँको धारणा थियो । बौद्ध महिला संघको हरेक कार्यक्रममा आफै सरिक हुनु भई विभिन्न सल्लाह सुझाव दिनु का साथै अन्तर्राष्ट्रिय बौद्ध संघ संस्थासित पनि सम्बन्ध राख्नु पर्छ भन्ने वहाँको विचार थियो ।

धर्मोदय सभाको पूर्व अध्यक्ष एवं सल्लाहकार समितिका आजीवन सदस्य लोकदर्शन बज्राचार्यज्यूले आफ्नो जीवनभर नै यस संस्थाको संरक्षण सम्बर्द्धनमा ठूलो योगदान गर्नुभयो । धर्मोदय सभालाई जुन उँचाइमा पुऱ्याउन एवं अन्तरराष्ट्रिय क्षेत्रमा परिचित गराउन वहाँबाट अतुलनीय योगदान पुऱ्याउनु भएको कुरा हामीले बिर्सन सक्दैनौं । लोकदर्शन बज्राचार्यबाट आधुनिक नेपालमा बुद्ध धर्मको विकासका लागि थेरवाद, बज्रयान तथा महायान यी तिनै यानलाई एकताबद्ध गरी आगाडि जानु पर्ने वहाँको सद्विचारलाई हामी सबैले कदर गर्नुपर्छ ।

The World Fellowship of Buddhist (WFB) को वरिष्ठ उपाध्यक्ष भइसक्नु भएका लोकदर्शन बज्राचार्यज्यूले छ दशक भन्दा लामो समय बुद्ध धर्म एवं लुम्बिनी विकासको लागि पुऱ्याउनु भएको योगदानलाई कदर गर्दै WFB ले वहाँलाई सन् २००८ मा जापानमा भएको २४ औं WFB Conference of 'Medal of Academy' प्रदान गरेको थियो । तर प्रतिकूल स्वास्थ्यको कारण वहाँ जान सक्नु भएन र लक्ष्मीदासजी र हामी नेपालको प्रतिनिधिहरूले त्यो Medal लिएर वहाँलाई नेपालमा हस्तान्तरण गरेका थियौं । यस सम्मेलनमा नेपालबाट पद्म ज्योतिज्यू वरिष्ठ उपाध्यक्ष पदमा निर्वाचित हुनुभयो । यसको श्रेय पनि म लोकदर्शनज्यूलाई दिन चाहन्छु । हरेक WFB Conference मा पद्म ज्योतिज्यूलाई अघि सारेर विभिन्न प्रतिनिधिहरूसँग परिचित गराउँदै लैजानु हुन्थ्यो र नेपालबाट उपाध्यक्षको पदमा उठ्ने प्रेरणा पनि वहाँले नै दिनु भएको थियो । यसको लागि हाम्रो परिवार वहाँप्रति सधैं कृतज्ञ रहने छौं । वहाँ गोर्खा दक्षिणबाहु द्वितिय, अन्तरराष्ट्रिय शान्ति पदक, बज्राचार्य संरक्षण गुथिबाट सम्मान र पदक जस्तै थुप्रै कदर र सम्मान पत्रबाट सम्मानित व्यक्ति  हुनुहुन्छ । वहाँको जे देखें जे सिकें भन्ने कृति प्रकाशित छ भने वहाँको आफ्नो जीवनी र अन्य पुस्तक प्रकाशनको क्रममा छ ।

यस्ता गुणवान एवं विशिष्ट व्यक्तित्व बौद्ध महिला संघका सल्लाहकार रहनु भएका लोकदर्शनज्यूको गत चैत्र २३ गते विहिबारका दिन निधन भएकोमा सम्पूर्ण बौद्धजगतलाई एक अपूरणीय क्षति पुग्न गएको छ । वहाँको राष्ट्र अन्तर्राष्ट्रिय बौद्ध जगतमा योगदान गुणानुस्मरण गर्दै यस दुःखद घडिमा वहाँको शोक सन्तप्त परिवारलाई धैर्य धारण गर्न सकोस् र आज हामी बौद्ध महिला संघले दिवंगत आदरणीय लोकदर्शनज्यूको निर्वाणको कामना गर्दछौं । ❖



Downloaded from http://www.dhamma.digital

# लोकदर्शन बज्राचार्यज्यूको बौद्ध जगतमा योगदानबारे छोटो चर्चा



*धर्मकीर्ति विहार प्रमुख धम्मवती गुरुमां लोकदर्शन बज्राचार्यको श्रद्धाञ्जली सभामा खादा चढाउँदै*

वि.सं. १९८७ फाल्गुण शुक्ल नवमीका दिन पिता बुद्धदर्शन बज्राचार्य तथा माता सेतीनानी बज्राचार्यको कोखबाट काठमाडौंको सुखश्री महाविहार,असन तःछे बाहाःमा जन्मनु भएका लोकदर्शन बज्राचार्यज्यू नेपालको बौद्ध जगतका साथै राज्य स्तरमै पनि प्रख्यात व्यक्तित्व हुनुहुन्थ्यो भने अन्तर्राष्ट्रिय बौद्ध जगतमा Mr. Darshan नामले जो जसले पनि चिन्ने व्यक्ति हुनु भयो ।

सन् १९५१ देखि १९५९ सम्म स्व. श्री ५ महेन्द्र सरकारको नीजि सचिव रही राज्य सञ्चालन कार्यमा समेत आफ्नो प्रभावकारी भूमिका निभाउन सफल हुनु भएको थियो । सन् १९७६ देखि सन् १९८५ सम्म श्री ५ को सरकारको लुम्बिनी विकास समितिको अध्यक्ष पदमा रही सफलपूर्वक आफ्नो दायित्व पुरा गर्नु भयो । आफ्नो कार्यकालमा उहाँले अदम्य साहस तथा कार्य कुशलता पूर्वक लुम्बिनीको जग्गा अधिग्रहण गर्नुभएको तथा भारत पुगेर मात्र लुम्बिनी जान सक्ने अवस्था भइरहेको बेलामा नेपाल भित्रै लुम्बिनीसम्म पुग्न सक्ने बाटो निर्माण गर्नुभएको जस्तो उहाँको योगदान बौद्ध जगतले बिर्सनुहुन्न ।

लोकदर्शन बज्राचार्यले धार्मिक सामाजिक तथा राज्यस्तरसम्म पनि पुऱ्याउनु भएको योगदानमध्ये छोटोमा समीक्षा गर्दा यसरी भन्नुपर्छ : ई.स. १९५४ मा धर्मोदयका सहायक सचिव (क्षेत्रीय संगठन विश्व बौद्ध भातृत्व संघ) सन् १९५५ मा चतुर्थ विश्व बौद्ध भातृत्व संघको अन्तर्राष्ट्रिय सम्मेलन नेपालमा आयोजना गर्ने बारे शाही सन्देश लिएर अध्यक्ष डा. मलल शेखरलाई भेट्न श्रीलंका प्रस्थान, सन् १९५६ मा नेपालमा भएको चतुर्थ विश्व बौद्ध भातृत्व संघको अन्तर्राष्ट्रिय सम्मेलनको तयारी समितिको अध्यक्ष, सन् १९६७ मा बौद्धनाथ चैत्य पुनः निर्माण समितिको सचिव, सन् १९७८ मा लुम्बिनी गुरुयोजनाको अन्तिम रुप दिने प्रक्रियामा जापानमा भएको त्रिपक्षिय बैठकमा नेपाली प्रतिनिधि मण्डलको नेतृत्व, सन् १९७९ मा भएको लुम्बिनीमा भएको लुम्बिनी विकासको सम्बन्धमा राष्ट्रसंघ र युनेस्को सहित २१ वटा राष्ट्रहरू सम्मिलित भएको पहिलो अन्तर्राष्ट्रिय सम्मेलनको अध्यक्ष सन् १९८० मा लुम्बिनीमा भएको पहिलो अखिल नेपाल बौद्ध सम्मेलनको अध्यक्ष सन् १९८६ मा भएको पन्ध्रौं विश्व बौद्ध भातृत्व संघको अन्तर्राष्ट्रिय



Downloaded from http://www.dhamma.digital



*लोकदर्शन बज्राचार्यको शव यात्रामा संलग्न जनसमुदाय*

बौद्ध सम्मेलन तयारी समितिको अध्यक्ष तथा संयोजक, सन् १९८७ मा युनेस्को आयोजनामा भएको चिनांशुकमार्ग (सिल्करुट) सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनको समन्वय संयोजक, सन् १९९७ मा लुम्बिनी अशोक स्तम्भ पुनः पत्ता लागेको शतवार्षिक समारोहको समन्वय संयोजक । सन् १९९८ मा विश्व बौद्ध शिखर सम्मेलन (पहिलोको मञ्च तथा व्यवस्थापन उपसमितिका नेपालको तर्फबाट संयोजक ।

संघ संस्थामा दिनुभएको योगदानलाई छोटोमा प्रस्तुत गर्दा यसरी उल्लेख हुन्छ : सन् १९९९ देखि २००१ सम्म धर्मोदय सभाका अध्यक्ष, सन् २००३ मा सरकारले गठन गरेको "**भगवान बुद्ध अन्तर्राष्ट्रिय शान्ति पुरस्कार**" सम्बन्धी पाँचजनाको कार्यदलको सदस्य, सन् २००१ देखि २००३ सम्म धर्मोदय सभा सल्लाहकार समितिको सभापति, विश्व बौद्ध भातृत्व संघको पूर्व उपाध्यक्ष तथा कार्यकारिणी सदस्य, "शान्तिको लागि अन्तर्राष्ट्रिय एशियाली बौद्ध संघका केन्द्रिय अन्तर्राष्ट्रिय कार्यकारिणी सचिव, लुम्बिनी विकास कोषका सल्लाहकार, धर्मकीर्ति विहार संरक्षण कोषका सल्लाहकार आदि ।

थुप्रै मान सम्मानबाट सम्मानित लोकदर्शन बज्राचार्यको महत्वपूर्ण केही उल्लेख गर्दा: १) गोर्खा दक्षिण बाहु द्वितीय श्रेणी २) अन्तर्राष्ट्रिय एशियाली बौद्ध शान्ति पदक ३) बज्राचार्य संरक्षण गुठीबाट पदक ४) विश्व बौद्ध भातृत्व संघबाट २४ औं साधारण सभामा The Medal of Academy-2008 WFB (विशेष) बाट ठूलो सम्मान ।

आफ्नो विशिष्ट व्यक्तित्वको कारण नेपालमा मात्र होइन, विदेशी बौद्ध देशमा समेत प्रसिद्ध हुनुभएका श्री लोकदर्शन बज्राचार्यज्यूको निधनले नेपालको मात्र नभई विश्वमै बौद्ध जगतमा क्षति पुगेको कुरा आज बौद्ध समुदायले अनुभव गरेको छ ।

परोपकारलाई नै जीवनको लक्ष्य सम्झी अरुको मद्दत गर्ने काममा सदैव तत्पर रहनु हुने श्री लोकदर्शन बज्राचार्यज्यूले आफ्नो जीवनकालमा धेरै पुण्य कार्यहरू गर्नुभएको कुरा नेपाली बौद्ध जगतको हृदयमा सधैं स्मरणमा रही रहने छ । विशेष रुपले बुद्ध जन्मभूमि लुम्बिनीमा उहाँले अतुलनीय योगदान पुऱ्याउनु भएको कुरा नेपालको बौद्ध इतिहासमा नमेटिने दस्तावेज भई रहीरहने छ ।

❖

*प्रस्तुती- प्राज्ञ रीना तुलाधर (बनिया)*

## सूचं

धर्मकीर्ति विहारं प्रकाशित वि.सं. २०६९ या पात्रोय् धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया पदाधिकारी पिनिगु धलखय् सह-सचिव चन्द्रलक्ष्मी बज्राचार्यया नां त्वःफ्यूगुलिं सम्बन्धित सकसितं सूचं बिया च्वना ।

**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
सचिव



Downloaded from http://www.dhamma.digital

# २५५६ औं बुद्धजयन्तीको लहरमा झापा विर्तामोडसम्म लहरिंदै जाँदा

✍ **गौतम 'शिशिर'** श्रीघः विहार

यसपटक म धम्मयात्राको लहरमा लहरिंदै जाँदा २५५६ औं बुद्धजयन्तीको पावन अवसरमा म एक्लै काठमाडौं देखि विराटनगरसम्म कपास जस्तो आकाश माथि-माथि हवाइजहाजबाट पुगें चैत वैशाख महिनाको आँधी, हुरी, बतास र प्रचण्ड गर्मी थियो। विराटनगरसम्म सजिलै पुगेपनि नेपाली राजनीतिको वदनाम 'बन्द' संस्कृतिले गर्दा हुनसम्म विजोकको क्षण सम्झेर ल्याउँदा विडम्वना लाग्छ। विराटनगर विमानस्थल एयर पोर्टमा सबै यात्रुहरूको विजोक। गाडीहरू एउटै चलेको छैन । अलपत्र भएको थियो । घण्टौं-घण्टौंसम्म एयरपोर्टमा बस्दा बस्दै गर्दै बल्लतल्ल एकजना उपासक दाजु सुन्दर थापा मगर बिर्तामोडबाट मोटरवाइक लिएर मलाई लिन आउनु भयो । विराटनगर देखि मोटरवाइकमा बसेर झापा विर्तामोडतिर लागें। ५/६ घण्टाको बाटो थियो। जीवनमा पहिलो पटक मोटरवाइकबाट लामोयात्रा अविस्मरणीय थियो । यसरी नेपाल बन्द भएको २/३ वर्ष जतिभयो बुद्धजयन्तीको समयमा नेपाल बन्द हुँदा विडम्वना लाग्छ। आखिर नेपाल बन्द गर्दा कसले के पायो ? यात्रा गर्ने यात्रुहरूले धेरै दुःखपायो । पूर्व झापातिर यात्रा गरेको धेरै पटक भयो । यसपाली पनि झापातिर २/३ ठाउँबाट मलाई निमन्त्रणा थियो। त्यसैले झापा विर्तामोड जान अवसर मिल्यो । जुन मेची अविरल बग्ने कन्काइ नदी को छेउमा माइधार सतासी धाम भनेर नाम चलेको ठाउँमा सम्पूर्ण जातजातिको मठ मन्दिर छन् । विषेश गरी कन्काइमाइ भनेर नाम चलेको ठाउँ पूर्वको तिर्थस्थल हो। त्यही पुण्यभूमिमा आदिवासी जनजाति मगर, गुरुङ्ग, तामाङ्ग, नेवारको विहार तथा गुम्वा स्थापना भएकोले त्यही ठाउँमा जाने अवसर पाएकोले मेरो मन देखि नै गौरव लागको छ । २० गते म जसोतसो गरी मोटर वाइकमा त्यही यशोधरा बुद्ध विहार माइधार सतासीधाम पुगेँ। त्यहाँ निकै बुद्धजयन्तीको चहलपल थियो ।



यशोधरा विहारमा २० गते देखि २४ गतेसम्म बुद्धजयन्तीको पावन अवसरमा ५ दिने कार्यक्रम बुद्धपूजा प्रवचन धर्मदेशना, ज्ञानमाला भजन अनि साँस्कृतिक कार्यक्रम भगवान बुद्धको जन्म सम्बोधी लाभ र महापरि निर्वाण दिवसको अवसरमा भब्यसाथ कार्यक्रम भयो ।

धर्मोदय सभा झापा विर्तामोडको आयोजनामा यही २५५६ औं बुद्धजयन्ती समारोह समितिले २०६९ बैशाख २३ गते शनिवारका दिन बिर्तामोड झापा शान्तिऱ्याली र धर्मदेशना प्रवचन कार्यक्रम भएको थियो । २५५६ औं बुद्धजयन्ती समारोह समितिका मूल संयोजक, गीतकार, लेखक, कवि आदि साहित्यकार र प्रसिद्ध गीतकार शिवशङ्कर थापा मगरले बुद्ध धर्म संघमा श्रद्धाभाव उत्पन्न गरी २५५६ औं बुद्धजयन्ती समारोह समितिका मूल संयोजक पदमा रहनु भई झापा बिर्तामोडको कार्यक्रम सफल पार्नु भयो । दिनेश शाक्यको अध्यक्षतामा सम्पन्न भएको धर्मोदय सभाको बुद्धजयन्ती कार्यक्रमका प्रमुख अतिथि भिक्षु गौतम 'शिशिर' हुनुहुन्थ्यो । जिल्ला स्तरिय विशाल कार्यक्रम सम्पन्न भएको थियो । झापा बिर्तामोडको अग्रेसन भवनमा कार्यक्रम भएको थियो। सम्पूर्ण संघसंस्था, विहार, गुम्वा, जनजाति, भाषा-भाषी, जातजाती गरेर एकहजार भन्दा बढी सहभागी हुनुहुन्थ्यो ।

माइधारको यशोधरा विहारमा २४ गते विहान बुद्धपूजा, धर्मदेशना, प्रवचन कार्यक्रम सफलतापूर्वक सम्पन्न भयो। त्यसपछि दमक बेलडाँगी भुटानी शरणार्थी क्याम्पको बुद्ध विहार (गुम्बा) मा पनि बुद्धपूजा ज्ञानमाला भोजन धर्मदेशना प्रवचन कार्यक्रम सफलता पूर्वक सुसम्पन्न भयो ।

फेरि पनि नेपाल बन्द भयो दुःख भयो। काठमाडौं पर्कने क्रममा चन्दगढी, भद्रपुर विमानस्थल पुग्दा त्यहाँको चहलपहल देखेर म दङ्ग भएँ। झापा बिर्तामोड दमकको सम्झनाले मनमा कुरा खेलाउँदै थिएँ, हवाइजहाज अग्नि एअर काठमाडौं जान तयार भएको सूचना थाहा भयो । रमाउँदै जहाजभित्र चढें। १०/१५ मिनेटपछि आकाशमा कालो बादल चैत्र वैशाखको हुरीचलेर हवाइजहाज हराररहेको छौं भन्ने सूचनाले एकछिन सबै यात्रुहरूलाई चिन्ताजनक बनायो । त्यो वेला मेरो मनमा बुद्ध धर्म संघको अनि मैत्री भावना गर्दा मन शान्त भयो। त्यसैले मलाई लाग्छ धर्मधारीलाई धर्मले रक्षा गर्छन्–

**"सब्ब पापस्स अकरणं कुसलस्स उपसम्पदा**
**सचित परियोद पनं एतं बुद्धा नं सासनं"**

अर्थात् सबै पापबाट मुक्तहुनु कुशल धर्म सेवन गर्नुलाई विकाररहित तुल्याउनु यहिनै बुद्धको शिक्षा हो ।

जहाजले काठमाडौं त्रिभुवन विमानस्थलमा सकुशल उतारिदियो । जहाजबाट बाहिर निस्कँदा मुसलधारे पानी वैशाखको हुरीबतासले स्वागत गरिरह्यो। यसरी यात्राको लहरमा लहरिंदै जाँदा वर्षमा एकपटक बुद्धजयन्तीको पावन अवसरले पनि नयाँ र नौलो जस्तो अनि आफै पनि बदलिए जस्तो अनुभव भयो । 'भवतु सब्ब मंगलं'



Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति विहार — गतिविधि

## धर्मकीर्ति विहारमा २९ औं पटकको रक्तदान कार्यक्रम सम्पन्न




*धम्मवती गुरुमां, संघवती गुरुमां र रम्भावती गुरुमांबाट बौद्ध परित्राण पाठ गर्नु हुँदै र खाना पकाउने ग्यास सिलिण्डर प्रयोग गर्दा सावधानी पुऱ्याउनुपर्ने बारे जानकारी दिनुहुँदै*

*२०६९ वैशाख २३ गते*

*स्थान- धर्मकीर्ति विहार । प्रस्तुती- स्वयम्भूरत्न तुलाधर*

बु.सं २५५६ औं वैशाख पूर्णिमाको उपलक्ष्यमा धर्मकीर्ति विहारका अध्यक्ष शासनधज धम्माचरिय, अग्गमहागन्थवाचक पण्डित धम्मवती गुरुमां, संघवती गुरुमां र रम्मावती गुरुमांबाट परित्राण पाठ गर्नुभई २९ औं पटकको रक्तदान कार्यक्रमको शुरु गरिएको थियो । यो कार्यक्रम धर्मकीर्ति विहारको ४७ औं एवं धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको ४१ औं वार्षिकोत्सवको उपलक्ष्यमा सम्पन्न गरिएको थियो ।

आफ्नो शरीरको कुनै हिस्सा त्याग गरी अरूको जीवन बचाउने कार्यलाई बुद्ध शिक्षानुसार दान उपपार मिताको रुपमा लिइएको छ । त्यसैले धर्मकीर्ति विहारको रक्तदान कार्यक्रम २९ वर्ष अगाडि देखि निरन्तर रुपले सञ्चालन गर्दै आइरहेको छ ।

यस कार्यक्रमको शुरुमा नेपाल ग्यास उद्योग प्रा.लि. "खाना पकाउने ग्यास सिलिण्डल प्रयोग गर्दा सावधानी पुऱ्याउनु पर्ने बुँदाहरू" भएको २०६९ सालको क्यालेण्डर बारे धम्मवती गुरुमांले जानकारी दिनुभयो र उक्त क्यालेण्डर रक्तदाताहरूलाई उपहार स्वरुप प्रदानगर्नुभई रक्तदान कार्यक्रम शुभारम्भ गर्नुभयो ।

यस कार्यक्रममा विभिन्न निकायको तर्फबाट विभिन्न धर्म प्रेमी महानुभावहरूले आ-आफ्नो क्षेत्रबाट आवश्यक सहयोग पुऱ्याउनु भई पुण्य सञ्चय गर्नुभएका थिए–

*सहयोगीहरू–*

१) जयवती गुरुमां
२) इन्दावती गुरुमां
३) रम्मावती गुरुमां
४) डा. चन्द्रेशरत्न तुलाधर (स्टाफ नर्स, Blood Pressure Checkup)
५) तारादेवी तुलाधर (नेपाल प्रथम महिला रक्तदाता)
६) सानुकेशरी तुलाधर
७) रोशनकाजी तुलाधर(Blood Pressure Checkup)
८) विद्यासागर रंजीत
९) अरुणसिद्धि तुलाधर (फोटो ग्राफर)



Downloaded from http://www.dhamma.digital

१०) अमृतरत्न ताम्राकार ११) सुरेसमुनि शाक्य
१२) ज्योतिरत्न स्थापित १३) दीपकरत्न शाक्य
१४) विनु तुलाधर १५) प्रतिमा तुलाधर
१६) आश्रयरत्न तुलाधर १७) मचाकाजी महर्जन (ब्लोदान)
१८) मायादेवी महर्जन १९) रामकुमारी मानन्धर
२०) रामेश्वरी महर्जन २१) रश्मिता तुलाधर
२२) अनिलकृष्ण जोशी २३) हसनकुमार वज्राचार्य
२४) उद्योगरत्न तुलाधर २५) ज्ञानीरत्न तुलाधर
२६) ध्रुव राजकर्णिकार २७) ध्रुव स्थापित
२८) इन्द्रकुमार नकर्मी

*संस्था- रक्त सञ्चार केन्द्र*

*सहयोगीहरू-*

१) समिर श्रेष्ठ - वरिष्ठ प्राविधिक सहायक
२) रमिता महर्जन - प्राविधिक सहायक
३) लक्ष्मी खनाल - Lab Assistant
४) सजना खाती - CMA

धर्मकीर्ति स्वास्थ्य कमिटीका सदस्य स्वयम्भूरत्न तुलाधरको संयोजकत्वमा एवं धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी सदस्यहरूको सहयोगद्वारा सञ्चालित उक्त कार्यक्रममा जम्मा ८२ जना रक्तदाताहरूले रक्तदान दिनुभएका थिए । उक्त रक्तदान डोनर नम्बर र नामावलीहरू यसरी रहेका छन्–

| डोनर नं. | सि.नं. | रक्तदाताको नाम | ठेगाना |
|---|---|---|---|
| १५०८५५ | १ | अगम्यरत्न कंसाकार | केल, मासंगल्ली |
| १५०८५६ | २ | विकाशरत्न कंसाकार | केल, मासंगल्ली |
| १५०८५७ | ३ | मिरा डंगोल | सामाखुसी |
| १५०८५८ | ४ | सुरेश श्रेष्ठ | ताम्सिपाखा |
| १५०८५९ | ५ | अमिता जोशी | नघःल, क्वाडो |
| १५०८६० | ६ | राजभाई तुलाधर | तुँछे गल्ली, नरदेवी |
| १५०८६१ | ७ | हेमा रञ्जित | ताहाचल |
| १५०८६२ | ८ | स्यामकाजी महर्जन | त्यौड |
| १५०८६३ | ९ | सुवर्ण मानन्धर | ढल्को |
| १५०८६४ | १० | बुकेश महर्जन | त्यौड |
| १५०८६५ | ११ | संजय महर्जन | त्यौड |
| १५०८६६ | १२ | हेरादेवी महर्जन | त्यौड |
| १५०८६७ | १३ | शान्ति महर्जन | त्यौड |
| १५०८६८ | १४ | मालती सिंह | नयाँ बजार |
| १५०८६९ | १५ | लक्ष्मी महर्जन | त्यौड |
| १५०८७० | १६ | पवनकुमार तुलाधर | बाँङ्गेमुढा |
| १५०८७१ | १७ | विश्वम महर्जन | रानीवारी |
| १५०८७२ | १८ | शोहनी शाक्य | डल्लु |
| १५०८७३ | १९ | दयानन्द शाक्य | ढल्को |
| १५०८७४ | २० | गङ्गा रञ्जित | महाराजगञ्ज |
| १५०८७५ | २१ | पूर्ण शाक्य | सामाखुसी |
| १५०८७६ | २२ | यमुना रञ्जित | सामाखुसी |
| १५०८७७ | २३ | इनु प्रधान | सानेपा |
| १५०८७८ | २४ | विकासरत्न तुलाधर | असन |
| १५०८७९ | २५ | मायादेवी महर्जन | ज्याठा |
| १५०८८० | २६ | राजेन्द्र शाक्य | नघःल-२८ |
| १५०८८१ | २७ | कमला महर्जन | विजेश्वरी |
| १५०८८२ | २८ | गुणकेशरी डंगोल | खुशिबुँ |
| १५०८८३ | २९ | अञ्जु महर्जन | चमति |
| १५०८८४ | ३० | चुङ्ता गुरुङ्ग | डल्लु |
| १५०८८५ | ३१ | सुशिला ताम्राकार | भोटाहिटी |
| १५०८८६ | ३२ | रुसो महर्जन | बनस्थली |
| १५०८८७ | ३३ | राजेन्द्र शाक्य | नयाँबजार-१६ |
| १५०८८८ | ३४ | हसनकुमार बज्राचार्य | बबरमहल |
| १५०८८९ | ३५ | अनुज शाही | श्रीघः |
| १५०८९० | ३६ | उर्मिला तुलाधर | नघःल टोल |
| १५०८९१ | ३७ | कविता रञ्जित | जैसीदेवल |
| १५०८९२ | ३८ | रबि डंगोल | असन |
| १५०८९३ | ३९ | सुदिप भारती | गट्ठाघर |
| १५०८९४ | ४० | नीलतारा डंगोल | असन |
| १५०८९५ | ४१ | शेषनारायण डंगोल | असन |
| १५०८९६ | ४२ | गङ्गा महर्जन | सितापाइला |



Downloaded from http://www.dhamma.digital

| | | | |
|---|---|---|---|
| १५०८९७ | ४३ | समर्थकाजी तुलाधर | भोटाहिटी |
| १५०८९८ | ४४ | राहुल अग्रवाल | नघःल टोल |
| १५०८९९ | ४५ | विपीन महर्जन | चःमती |
| १५०९०० | ४६ | इन्दावती गुरुमां | धर्मकीर्ति विहार |
| १५०९०१ | ४७ | शम्भु महर्जन | नयाँबजार |
| १५०९०२ | ४८ | शुशिला कंसाकार | श्रीघः |
| १५०९०३ | ४९ | अनिता महर्जन | चच्छे गल्ली |
| १५०९०४ | ५० | रसना शाक्य | नघःल |
| १५०९०५ | ५१ | रमा कंसाकार | बाफल |
| १५०९०६ | ५२ | सुजित स्थापित | असन |
| १५०९०७ | ५३ | नविनकुमार शाही | लाजिम्पाट |
| १५०९०८ | ५४ | राज खड्गी | लैनचौर |
| १५०९०९ | ५५ | अनिसरत्न शाक्य | नयाँबजार |
| १५०९१० | ५६ | राजेश माली | पुतली सडक |
| १५०९११ | ५७ | रस्ना माली | पुतली सडक |
| १५०९१२ | ५८ | ज्योतिरत्न तुलाधर | सेतो दरवार |
| १५०९१३ | ५९ | रबि श्रेष्ठ | बाफल |
| १५०९१४ | ६० | युवकलाल कर्माचार्य | ठँहिटी-१७ |
| १५०९१५ | ६१ | रिंकु तुलाधर | भोटाहिटी |
| १५०९१६ | ६२ | सहनसिला तुलाधर | लाजिम्पाट |
| १५०९१७ | ६३ | साहनोन रञ्जित | बानेश्वर |
| १५०९१८ | ६४ | प्रमेश श्रेष्ठ | असन |
| १५०९१९ | ६५ | सुजन महर्जन | त्यौड |
| १५०९२० | ६६ | प्रज्वल मानन्धर | झोछें न्हूसाल |
| १५०९२१ | ६७ | रुजन शाक्य | बनेपा |
| १५०९२२ | ६८ | नविनरत्न शाक्य | नयाँबजार |
| १५०९२३ | ६९ | नरेन्द्ररत्न शाक्य | नघःल टोल |
| १५०९२४ | ७० | जमुना महर्जन | तँलाछिं |
| १५०९२५ | ७१ | संजय श्रेष्ठ | तिनकुने |
| १५०९२६ | ७२ | युना स्थापित | नच्छेगल्ली |
| १५०९२७ | ७३ | अनिल स्थापित | नच्छेगल्ली |
| १५०९२८ | ७४ | रम्मावती गुरुमां | धर्मकीर्ति विहार |
| १५०९२९ | ७५ | खेमावती गुरुमां | धर्मकीर्ति विहार |
| १५०९३० | ७६ | डा. चन्द्रेशरत्न तुलाधर | कमलादी |
| १५०९३१ | ७७ | मणिवती गुरुमां | धर्मकीर्ति विहार |
| १५०९३२ | ७८ | कृष्णलाल प्रजापति | हाडीगाउँ |
| १५०९३३ | ७९ | वण्णवती गुरुमां | धर्मकीर्ति विहार |
| १५०९३४ | ८० | प्रकाशबहादुर श्रेष्ठ | ललितपुर |
| १५०९३५ | ८१ | चन्द्रशोभा रञ्जित | सोऱ्हखुट्टे |
| १५०९३६ | ८२ | सोनी श्रेष्ठ | क्षेत्रपाटी |

यसपालीको रक्तदान कार्यक्रम सञ्चालनार्थ आवश्यक आर्थिक सहयोग एवं रक्तदाताहरूका लागि जुस, मिठाई दाता महाराजगञ्ज चक्रपथ निवासी श्री पञ्चरत्न तुलाधर, श्रीमती रञ्जना तुलाधर हुनुहुन्थ्यो ।

यसरी नै रक्तदाताहरूलाई उपहार चिन्ह स्वरुप प्रदान गर्न श्री माणिकरत्न तुलाधरज्यूको हृदय देखि सहयोगमा (नेपाल ग्यास उद्योग प्रा. लि. 'खाना पकाउने ग्यास सिलिण्डर प्रयोग गर्दा सावधानी पुऱ्याउनुपर्ने बुँदाहरू') भएको २०६९ सालको क्यालेण्डर र क्तदाताहरूलाई र उपासक उपासिकाहरूलाई वितरण गर्न उपलब्ध गराउनु भएको थियो ।

यसरी नै रक्तदाताहरूलाई उपहार स्वरुप उपासिका अष्टमाया महर्जनबाट **दश वन्धन** (**दश संयोजन**) पुस्तक प्रदान गर्नुभएको थियो ।

यसरी नै रक्तदाताहरू मिठाई, कोकाकोला, दूध दान गर्नुहुने दाताहरूको नाम यसरी रहेको थियो–

१) स्व. मोती महर्जनको नाममा सिता महर्जन
२) तिका शाक्य
३) सुर्ज माया
४) हरिमाया श्रेष्ठ
५) गणेशकुमारी
६) हेराशोभा तुलाधर
७) कीर्तिमैंया पुचः
८) बेखा, महादेवी
९) मायादेवी महर्जन, वहती
१०) माया महर्जन, ज्याठा
११) अष्टमाया पुचः
१२) इन्द्रमान पुचः



Downloaded from http://www.dhamma.digital

१३) स्व. विष्णुबहादुर मानन्धरको नाममा रामकुमारी मानन्धर
१४) बुद्धकुमारी मानन्धर  १५) पोखरा ग्रुप
१६) ज्योतिरत्न स्थापित  १७) चम्पा पुचः
१८) तिर्थ महर्जन  १९) सुभद्रा स्थापित
२०) केशरी शाक्य  २१) रत्नवेती
२२) अञ्जु महर्जन  २३) उपासिका

यसरी धर्मकीर्ति विहारले वि.सं. २०४० साल देखि निरन्तर रुपमा रक्तदान कार्यक्रम सञ्चालन गर्दै आइरहेको थियो । उक्त रक्तदान कार्यक्रमको रक्तदाताहरूको नामावली जरुरत परेमा संयोजक स्वयम्भूरत्न तुलाधरलाई सम्पर्क राख्न सकिने कुरा यही समाचार मार्फत प्रष्टाइएको छ । धन्यवाद !

**रक्तदाता सम्मान**

ब्लोदानले नियमित रक्तदान गर्ने स्वयंसेवी रक्तदाताको सम्मानार्थ प्रत्येक वर्ष विषेश समारोह आयोजना गरी उहाँहरूलाई कदर-पत्र सहित विशेष डोनरपीनबाट सुशोभित गरिन्छ ।

| डोनर पीन | रक्तदान संख्या | | |
|---|---|---|---|
| | पुरुष रक्तदाता | महिला रक्तदाता | नेगेटिभ रक्तदाता |
| डायमण्ड | १०० पटक | ५० पटक | ५० पटक |
| गोल्डेन | ५० पटक | २५ पटक | २५ पटक |
| सिल्भर | २५ पटक | १० पटक | १० पटक |

**आमाबुबाको सेवा गर्नुनै मङ्गल कार्य**

*२०६९ वैशाख ९ गते । प्रस्तुती- सुमीत्रा तुलाधर*

यसदिन इन्दावती गुरुमांले आमाबुबाको सेवा गर्नुनै मङ्गल कार्य हो भन्ने विषयमा प्रवचन दिनुहुँदै भन्नुभयो– 'भगवान् बुद्धले बताउनु भएको ३८ वटा मङ्गल कार्यहरू मध्ये आमाबुबाको सेवा टहल गर्ने कार्य पनि मङ्गल कार्यमा नै पर्दछ । त्यसैले होला भगवान् बुद्धले उहाँलाई गुण लगाउनुहुने आमा तीन जना हुनुहुन्छ भनी यसरी कृतघ्न गुण सम्फनु भएको थियो– १) महामाया देवी (जसले उहाँलाई जन्माउनु भयो) २) प्रजापती गौतमी (जसले उहाँलाई लालन पालन गरी हुर्काउनु भयो) ३) बोधि वृक्ष (जसले उहाँलाई सीतल छहारी दिई बोधिज्ञान प्राप्त गर्न सहयोग गऱ्यो) ।

दश महिनासम्म गर्भमा पाली अति दुःख कष्ट खपी जन्म दिनुहुने आमाले आफूले जन्माएको बालकलाई यथाशक्य सुखपूर्वक लालन पालन गराउन मेहनत गर्छ । दूध, दिसा, पिसाव सफा गरी लालन पालन गर्छिन् । आफ्नो छोराछोरी हुर्काई बढाई उनीहरूको भविष्य उज्ज्वल बनाउन शिक्षा दिक्षा दिलाउन आमाबुबाले आफ्नो जीवन अर्पण गर्छन् । रगत पशिना बगाई मेहनत गर्छन् । यस कार्यमा कार्यरत उनीहरूले आफ्नो समेत परवाह गर्दैनन् । आफ्ना छोराछोरी प्रति आमाबुबाले मैत्री, करुणा, मुदिता र उपेक्षा आदि चारवटा महत्वपूर्ण गुण प्रयोग गरिरहेको हुन्छ । जसलाई चर्तुबह्मविहार गुण भनिन्छ । एउटा बच्चा हुर्काउनको लागि आमा बुबाले अनन्त गुण लगाइरहेको हुन्छ । त्यसैले होला नेपालमा आमा बुबाको अनन्त गुण सम्फी आमाको मुख हेर्ने दिन र बुबाको मुख हेर्ने दिन भनी यी दुईवटा विशेष दिनमा आमा बुबाको कृतज्ञ गुण सम्फी आफूले सक्दो सेवा टहल गर्ने मौका दिइरहेको छ । भगवान् बुद्धले भिक्षुहरूलाई यसरी उपदेश दिनुभएको छ–

**"बहुकारा भिक्खवे माता पितरो पुत्तानं आपादका पोसका इमस्स लोकस्स दस्सेतारो"**

अर्थात् छोराछोरीलाई आमा बुबाजस्तो उपकारी अरु हुन सक्दैन । आफूले खाई नखाई छोराछोरीलाई खाना खुवाउने गर्छ आमाबुबाले । आफूले राम्ररी खान नाएपनि छोरा छोरीको भविष्य सपार्न मेहनत गर्ने हुन्छन् । त्यसैले जसले आफ्ना बहुउपकारी आमा बुबालाई अपहेलना गर्छ उसको यस लोकमा पनि परलोकमा पनि हानीनैं हुनेछ । पराभव सूत्रमा भगवान् बुद्धले भन्नुभएको छ ।

**"यो मातरं वा पितरं वा जिण्णकं गत योब्बनं पहुसन्तो न भरति तं पराभवतो मुखं**

जसले बृद्ध बृद्धा आमा बुबालाई आफूसंग शक्ति भएपनि पालन पोषण गर्दैन उसको पतन अवश्यम्भावी छ । वसलसूत्रमा भगवान् बुद्धले त्यस्ता वैगुणी छोराछोरीलाई चण्डालको संज्ञा दिनुभएको छ ।

**विषय : चूल सिहनाद सुत्त**
**(मज्भिम निकाय) १५२ सूत्र**

*२०६८ फाल्गुण १३ गते*

*प्रवचिका- उर्मिला मानन्धर । प्रस्तुती- मिनरवती तुलाधर*

यस दिन उर्मिला मानन्धर ज्यूले त्रिपिटक अन्तर्गत सूत्रपिटकको दोस्रो मज्भिम निकायको चूलसिंहनाद



Downloaded from http://www.dhamma.digital

विषयमा बताउनु भएको थियो । मज्झिम निकायमा १५२ वटा सूत्रलाई तीन भागमा विभाजन गरि राखेको छन् । चूलसिंहनाद भन्नाले भगवान बुद्धले निर्भिक रूपले गर्जेर देशना गर्नु भएको उपदेशलाई देव, मनूष्य, मार, ब्रह्मा आदि कसैले पनि काट्न सकिंदैन । जस्तैः उपालीलाई उसको गुरूले भगवानले झूठो कुरो बोल्नु भएको छ कि छैन भनेर सोध्नु पठाउनु भएको थियो । तर बुद्धले अरूलाई बिगार्ने नियतले बोलेको छैन सपार्ने नियतले बोलेको छुं भनेर भन्नुभयो । बुद्धले आफ्नो अनुभवी ज्ञानद्वारा मात्र अरूलाई बोध गराउन सक्ने हुनाले बुद्धवाद ठुलो छ सिंहनाद गर भन्नु भएको थियो । अरू धर्ममा श्रमण छैन । बुद्ध धर्ममा मात्र श्रमणहरू छन् । क्लेश निरोध गर्ने मार्गमा गइराखेका व्यक्तिलाई श्रमण भनिन्छ । जन्म, जरा, व्याधि मरण दुःख वाट मुक्त भइसकेको व्यक्तिलाई श्रमण भनिन्छ ।

*श्रमण ४ प्रकारका छन्–*

१) प्रथम श्रमण (स्रोतापत्ति)

२) द्वितिय श्रमण (सकृदा गामी)

३) तुतिय श्रमण (अनागामी) ४) चतुर्थ श्रमण (अर्हत)

१. गुरु - भगवान बुद्ध ९ वटा गुणले.परिपूर्ण भएको व्यक्ति हुन् ।

२. धर्म - आदि, मध्ये, अन्तमा कल्याण हुने , दुःखवाट मुक्त हुने स्वाकखातो धर्म

३. शील - पञ्चशील, अष्टशील, घुतङ्ग घारी शील

४. सदधर्म - गृहस्थी, प्रव्रजित व्यक्तिहरू संग मिलेर बस्नु हाम्रो धर्ममा राग, द्वेष, मोह, प्रपञ्च रहित भइसकेको हुनाले ठूलो भएको हो ।

कोहि व्यक्ति वितराग, वितद्वेष, वितमोह प्रवञ्च रहित हुने व्यक्ति जाति जरा, मरण शोक परिदेवबाट मुक्त हुन्छन् ।

४. उपादान (आसक्ति) ४ प्रकारका छन् –

(१) कामुपादान (पञ्च इन्द्रिय) सुख भोग उपादान

(२) दिट्ठपादान (दृष्टि उपादान)

(३) सीलवत्तुपादान (चित्त शुद्ध गर्ने)

(४) अत्तुपादान (आत्मा उपादान) आत्मा छ भन्ने विश्वास गर्ने म, मेरो भन्ने धारण भइराख्ने ।

**पटिच्च समुत्पाद अनुसार,** तृष्णाको कारणले वेदना उत्पन्न हुन्छ, वेदनाको कारणले र्स्पश उत्पन्न हुन्छ, र्स्पशको कारणले षडायतन उत्पन्न हुन्छ, षडायतनको कारणले नाम-रूपको विज्ञान उत्पन्न, विज्ञानको कारणले संस्कार उत्पन हुन्छ, संस्कारको कारणले अविद्या उत्पन्न हुन्छ । जव हामीलाई अविद्या हटेर जान्छ, विद्या उत्पन्न हुन्छ । निर्वाण प्राप्त हुन्छ । त्यस्तो अरूमा हुँदैन भनेर सिंहनाद गर्नुपर्छ भनेर घोषणा गर्नु भएको थियो ।

## वीर अस्पतालका विरामीहरूलाई विस्कुट प्रसाद वितरण

*२०६९ वैशाख २४ गते ।*

*स्थान- धर्मकीर्ति विहार*

२५५६ औं बुद्ध पूर्णिमा महोत्सवको उपलक्ष्यमा धर्मकीर्ति विहारमा विहान ७ बजे बुद्धपूजा र धर्मदेशना भएको थियो ।

दिउँसो वीर अस्पतालका विरामीहरूलाई विस्कुट प्रसाद वितरण गरिएको थियो भने साँझ ४ बजे सामूहिक ध्यान, ५ बजे बुद्धपूजा, ५:३० बजे केशावती गुरुमांबाट धर्मदेशना, परित्राण पाठ र पूण्यानुमोदन गरिएको थियो । अन्त्यमा श्रीघः चैत्य परिसरमा दीयो बाली दीपावली गरिएको थियो ।

## चित्रकला प्रतियोगिता

*२०६९ वैशाख ११ गते ।*

*प्रस्तुती- सरोज मानन्धर*

२५५६ औं बुद्ध पूर्णिमा महोत्सवको उपलक्ष्यमा शुभवती गुरुमां र सरोज मानन्धरको संयोजकत्वमा लुम्बिनी विषयमा बाल बौद्ध चित्रकला प्रतियोगिता सम्पन्न भएको छ । वौद्ध महिला संघको आयोजनामा सम्पन्न उक्त प्रतियोगितामा विजयी प्रतियोगिहरूको नाम र परिणाम यसरी उल्लेख गरिएको थियो ।

प्रथम – सीतु मानन्धर (ग्रीन पीस स्कुल)

द्वितीय – प्रतिष्ठा स्थापित (शुभतारा स्कूल)

तृतीय – सम्बृद्ध श्रेष्ठ (त्रियोग उ.मा. विद्यालाय)

*सान्त्वना :–*

१) सम्झना शर्मा (ग्रिन पीस स्कुल)

२) ईशान नकर्मी (स्वर्णिम स्कुल)

३) श्रिया लाल (दि.स.भि स्कुल)

उक्त प्रतियोगिताको लागि निर्णायकहरू यसरी रहनुभएका थिए ।



Downloaded from http://www.dhamma.digital

(१) भिक्षु कौण्डञ्ञ (२) भिक्षु उत्तमो (३) चन्दा श्रेष्ठ

उक्त प्रतियोगितामा जम्मा ७५ जना बाल-बालिकाहरू सहभागी रहनु भएका थिए ।

**२५५६ औं बुद्ध पूर्णिमा महोत्सव कार्यक्रममा काठमाडौं बाहिर जानुभई धर्म प्रचार कार्यमा लाग्नुभएमा धर्म प्रचारकहरूको नामावली र स्थान**

| क्र.सं. | धर्मप्रचारकहरू | स्थान |
|---|---|---|
| १ | भिक्षु गौतम | विर्तामोड, झापा |
| २ | भिक्षु मेधंकर | बेनी |
| ३ | भिक्षु जुतिमा, भिक्षु अमतो | हेटौंडा |
| ४ | श्रामणेर पमुतो, श्रामणेर विपुलो | सुगत बौद्ध मण्डल, त्रिशुली |
| ५ | भिक्षु पुण्यवन्तो, भिक्षु विमलो | विराट बौद्ध, विराटनगर |
| ६ | भिक्षु परमानन्द | नेपाल मगर बौद्ध सेवा समाज, रुकुम |
| ७ | शुभवती गुरुमां, शील गौतमी गुरुमां | गोरखा बौद्ध समूह, गोरखा |
| ८ | भिक्षु धम्मानन्द, भिक्षु दीपंकर | शान्ति श्री बुद्ध विहार, गुल्मी |
| ९ | पञ्ञावती गुरुमां, क्षान्तीवती गुरुमां | तनहुँ |
| १० | भिक्षु जनक, श्रामणेर लखन, सुखवती गुरुमां, शुभा गुरुमां, वण्णवती गुरुमां र सुधम्मा गुरुमां | धादिङ्ग, खाल्टे-४ |

**बुद्ध धर्ममा महिलाहरूको स्थान**

*२०६८ चैत्र २५ गते, शनिवार*

*प्रवक्ता- देवकाजी शाक्य । प्रस्तुती- राजभाई तुलाधर*

आजकल विश्वभरी नै महिलाको अधिकार, हक, हीत र समानताको लागि आवाज उठिरहेको छ र विभिन्न प्रयासहरू पनि भइरहेका छन् । यस सन्दर्भमा बुद्ध धर्ममा महिलाको स्थान कस्तो छ र भगवान बुद्धले महिलाप्रति कस्तो धारणा राख्नु हुन्थ्यो भन्ने कुरा जान्न उचित हुनेछ । बुद्ध धर्ममा महिलाको उचित स्थान छैन भन्ने भ्रम पनि कहीं कहीं छ । यसको कारण हुनसक्छ प्रजापति गौतमीले प्रव्रज्याको लागि प्रार्थना गर्दा बुद्धले तुरुन्तै स्वीकार गर्नुभएको थिएन । तर भगवान बुद्ध दूरदर्शी हुनुहुन्थ्यो । त्यसवेलाको संस्कृति, परिस्थिति, जनधारणा, सामाजिक परिवेश आदि विचार गरेर नै वहाँले तुरुन्तै अनुमति नदिएको हुनुपर्छ । यदि तुरुन्तै अनुमति दिएको भए ठूलो जनविरोधको आवाज उठ्न सक्थ्यो । पछि वहाँले भिक्षुसंघ, भिक्षुणी संघ उपासकहरू र उपासिकाहरू रथको चार पांग्रा जस्तै हुन् भन्नुभएबाट यो प्रष्ट हुन्छ कि वहाँको शासनमा पुरुष र महिला बीच कुनै विभेद थिएन । बौद्ध साहित्यमा बोधिसत्व सिद्धार्थ बस्नु भएको मायादेवीको गर्भलाई रत्नव्युहको संज्ञा दिइएको छ । अर्थात् अत्यन्त शुद्ध र पवित्र रत्न जडित मन्दिरसँग गर्भलाई तुलना गरिएको छ । यसबाट माताको गर्भलाई कति आदर र गौरव प्रदान गरिएको छ भन्ने कुरा स्पष्ट हुन्छ । यो महिलाहरूप्रति गरिएको ठूलो सम्मान हो ।

भगवानको जीवनकालमा अनेक महिलाहरू वहाँको सम्पर्कमा आएर दुःखबाट मुक्त भएका थिए । विशाखा जस्तो अत्यन्त धनी र प्रभावशाली महिलादेखि अत्यन्त विक्षिप्त मनस्थिति भएका पटाचारा र किसागौतमी जस्ता महिलाहरूले मार्गफल प्राप्त गरे । नगरवधु आम्रपालीको निमन्त्रणा स्वीकार गरीसकेको हुनाले वैशालीका लिच्छवी राजकुमारहरूको भोजनको निमन्त्रणा भगवानले स्वीकार गर्नुभएन । यसबाट भगवानले ठूलो, सानो, महिला पुरुष आदि भनी कुनै पनि भेदभाव राख्नु हुँदैनथ्यो भन्ने कुरा स्पष्ट हुन्छ । भगवानको मैत्री र करुणा सबैप्रति समान थियो । एकपटक प्रसेनजीतमहाराज भगवानसँग वार्ता गरीरहेको बेला महारानीले छोरी जन्माएको खवर आएको थियो । यो सुनेर राजाको मन खिन्न भयो । भगवानले उचित शिक्षादिक्षा दिइए छोरी पनि छोरा जस्तै सक्षम हुन सक्छ भनेपछि प्रसेनजीतको मन प्रसन्न भएको थियो । भगवानको जीवनमा प्रजापति गौतमी, यशोधरा, सुजाता यस्ता महिलाहरू हुन् जसले बुद्धत्व प्राप्त गर्न वहाँलाई विभिन्न किसिमले सहयोग गरे । बुद्ध कपिलवस्तुमा जाँदा यशोधरालाई उनकै कक्षमा गएर भेट्न गएको प्रसङ्गले महिलाहरूप्रति वहाँको मनमा कति आदरभाव थियो भन्ने कुरा दर्शाउँछ । यसरी हामीले देख्न सक्छौं कि अरु कुनै धर्ममा भन्दा बुद्ध धर्ममा महिलालाई उचित स्थान दिएर आदर, गौरव गरिएको



Downloaded from http://www.dhamma.digital

छ। बुद्धको जस्तो पवित्र र निष्पक्ष विचार सबैले अनुकरण गरेमा महिलाप्रति हुने आपराधिक गतिविधि र महिलालाई दिइने सामाजिक दुःख निश्चयनै कम हुनेछ।

**शोकसभा**

*२०६९ बैशाख १७ गते, आइतवार*



धर्मकीर्ति संरक्षण कोषका सल्लाहकार लोकदर्शन बज्राचार्य दिवंगत हुनुभएकोले उहाँको गुणानुस्मरण गरी यसदिन कोषले शोकसभाको आयो जना गरेको थियो । धम्मवती गुरुमांको सभा-पतित्वमा उक्त कार्यक्रम प्रफुल्ल कमल ताम्राकारले सञ्चालन गर्नु भएको थियो। कार्यक्रम संचालिकाले दिवंगत वज्राचार्यको संक्षिप्त जीवन प्रस्तुत गर्नुभएको थियो । दिवंगत वज्राचार्यकी सुपुत्री आभा दर्शनले परिवारको तर्फबाट मन्तव्य व्यक्त गर्नुभएको थियो। ध.सं. कोष बाट प्रदान गरिएको शोक पत्रलाई मीना तुलाधरले पढेर सुनाउनु भएको थियो भने उक्त पत्र धम्मवती गुरूमांले दि. वज्राचार्यकी श्रीमती वासन्ती देवी वज्राचार्यलाई प्रदान गर्नु भएको थियो।

त्यसपछि दिवंगत लोकदर्शन वज्राचार्यको तस्वीरमा खादा ओढाई श्रद्धा सुमन चढाइएको थियो। अन्त्यमा धम्मवती गुरूमांले आफ्नो मन्तव्य व्यक्त गर्नुभई दिवंगत वज्राचार्यको निर्वाण कामना गरी पूण्यानुमोदन गरिएको थियो।

**शील पालन**

*२०६९ वैशाख २ गते, शनिवार*

*स्थान- धर्मकीर्ति विहार। प्रवक्ता- श्रद्धेय अश्वघोष भन्ते*

*प्रस्तुती- सुमित्रा तुलाधर*

श्रद्धेय भिक्षु अश्वघोषं शील पालन बारे न्ववाना विज्यासे धयाविज्यात – जिपिं बौद्ध खः धकाः गौरव तायकाः च्वंपिसं न्हापा त्रिरत्नया प्रति श्रद्धा तय्मा लिसे पंञ्चशिल, अष्टशीलया ज्ञान अर्थबाँलक थुईकेगु आवश्यक जू। विहार विहारे धर्मदेशना जुई, बाँख कनी शील काय्गु बाँलाः धकाः भन्ते गुरुमापिंस शील बिई थन शील कयांजक मज्यू शील बिइम्हनं, काइम्हंनं शील या अर्थ थुईकेमा पालना यायेे फु मफु बिचा यायेमा। गुम्ह जिँ थौ विहार वना शील कयावयागु धका छँ जःपिन्त फुँई याना नसा त्वसा ज्वरे मयासे, यायेे मज्यू धकाः ज्या खुनी जुयाः काय म्हयाय् पिन्त वा भातयात ज्या अरे याइपिं नं मदुगु मखु। छसा जक नया धकाः बहः नि जुलकि अनेक प्रकारया जुस त्वनेगु नं या। शील पालना यायेे थाकू। शीलया अर्थ खः। शील आचरण बाँलाकेगु व परिवार लिसे परस्पर थव थवथः सम्मान व मान मर्यादा तय्गु शिक्षा खः थुकी दुने नं प्राणि हिंसा यायेे मखु धाय्गु न साप थाकू छाये धाय्बले त्यागी जीवन जुइमा गृहस्थी जीवन जुइमा छँ ब्यवहार चलेयायेमा, नयत जक ध्येवा कमाय्याना मगाः म्हं मफैबले यात नं ध्येवा मुंकेमाः स्वास्थ स्वस्थ जुईमा अले सफा सुग्धर यायेगु निसे कया छँ मिलय याना च्वनेगु आवश्यक जुई। तानोगु मौसम वई धँय् कुसी वई न्याका च्वने मजिल, स्यायेत वासः होलेहे माल। अथेहे वासःलय् काये योग पदार्थ दै, ल्वय् जुइका च्वंःम्ह ल्वय् लँकेत वासः नयेहे माल। थन ल्वगिं वासःलय् कायेयोगु पदार्थ दु धैगु चेतना दै मखु ल्वय लँकेत नयेमागु चेतना दै। अथे हे छम्ह बुँ ज्यामी बुँ पाली की पटगं यक्को सिई ज्यामीयाके की सिई धैगु चेतना वइ मखु बस बुँ पालागु धकाः जक चेतना दइ। अन्न यक्को सय्केत की सिइगु वासः नं प्रयोग याई तर थन प्राणि हिंसाया पाप कर्मय् लाई मखु। प्राणि हिंसा हे यायेे धकाः चेतना वय्काः प्राणि हिसा याःगु जक पाप कर्मय् लाई। भगवान बुद्धं धैबिज्याई, मिखां न्ह्यायेे मदैगु खँय् बिचा यायेे मज्यू। मां बौपिस थः कायेे म्ह्याय्पिन्त शिक्षा बिइमा बिद्धान यायेमा धकाः थःपिंस नसेमनसे यक्व ध्येबा फुका आखः ब्वंकी। थःपिं बुराबुरी जुलकि बाँलाक नके त्वंके याई, सुसाकुसा याई धैगु मनं तातुनी। छगू घट्ना न्ह्योथने - काय्यात बिद्धान् यायेमा तः धंम्ह मनू यायेगु इच्छा दुम्ह बौ न काय्यात डाक्टर ब्वंकल डाक्टर नं पास जुल। आला जिँ दुःख सिई माली मखुत कायेया कमाइ बल्लात ज्ञानी जुल, आनन्द, सुख पूर्बक जीवन हने खनीन धकाः मन लय्ताल – छम्ह काय्या पासापिं छँ सःतल बौयात च्या कायेके छ्वत, थःपिं



Downloaded from http://www.dhamma.digital

सोफाय् फ्यतुना बौयात क्वय् तल। पासापिसं साप सुकु मदयकल। जि डाक्टर, बौ आख मसःम्ह धैगु अहं भाव खः। बौम्हेस्यां छुं मधा सहयात, जिं याये माःगु कर्तब्य पूवंका धकाः मति जक तल।

उकिं आखः ब्वनां मगाः व्यवहारिक शिक्षा नैतिक शिक्षा मन्त धायेव मज्यू अथेहे मेगु छगू घटना खः। छम्ह मनूखँ लँय् वना च्वंबले ५० (पचास) हजार मयाक दुगु ब्याग छगः लुईकल उकि पासपोर्ट, सरकारी भ्वँत दुगु जुया च्वन, ब्याग लुइकूम्ह मनूखँ थ्व ब्यागला बिईहे माली तँम्ह मनूया गुलि आपत जुलजुई धका भिगु मन वंकाः फोनं मनूनापलाना ब्याग लित ब्यूगु खँ अखबारे न पिदँ वःगु दु। थन नैतिक शिक्षा दु धैगु प्रमाण जुल। गुलिसिनं थः मां, बौपिं बुराबुरि जूगु खना बुराबुरिपिं च्वनेगु बृद्धाआश्रम, स्वास्थ्य केन्द्र, स्कूल दय्का दान याइपि नं दु। हानं मन्त्री नेतातय्सं धाःसा भ्रष्टाचार घुसखोर जूगु खनाः मछालापू। भ्रष्टाचार अपहरण अभियोगय् लाना जेल चलान जूयानं राजिनामा नबिइगु अखमत जिगु तलव, सुबिधा भत्ता फुक्क जिमि छैँ जः पिन्त ब्यू धका फोनं धम्की बिइगु, मखुसा छन्त हे अपहरण याये धाय्गु गुलि नैतिक शिक्षा मदुगु भ्रष्ट बिचार।

जीवन तालय् लाकेत, थःस्वया थःकालिपिन्त मान सम्मान याये सय्केगु थःगु कर्तब्य पालना यायेगु मयोपिन्त नं मैत्री भाव तय्गु हे नैतिक शिक्षा खः। गुम्ह मनूयाके लज्जा, भय, ज्ञाःपहः दैमखु व ब्यक्तिं न्हयागु नं याये फू अज्यापिं मनूत नाप तापाक हे च्वनेगु बेस।

## बुद्ध पूजा व ज्ञानमाला भजन

*प्रस्तुती- प्रेमलक्ष्मी तुलाधर*

ने.सं ११३२ बछलाथ्व दशमी अर्थात् २०६९ बैशाख १९ धर्मकीर्ति ज्ञानमाला भजनया दुजःपिं भाजु गणेशमान महर्जन व पूर्ण देवी महर्जनया न्हूगु छयें दनेगु ज्या पूवंगु लसताय् धर्मकीर्ति विहारया गुरूमांपिनि पाखें बुद्ध पूजा , धर्मदेशना व परित्राण पाठ याय्गु ज्याभ्वः यासे न्हूगु छयेँया उद्‌घाटन याःगु खः। अथेहे उकुन्हु धर्मकीर्ति ज्ञानमाला भजन पाखें ज्ञानमाला भजन नं प्रस्तुत जूगु खः। दाता गणेशमान परिवार पाखें ज्ञानमालायात २५००/– दां गुहाली स्वरूप प्रदान यानादीगु खःसा वयकःपिन्त भजन पाखें लुमन्ति चिं लःल्हाय्गु ज्या नं जूगु खः।

## धर्मकीर्ति विहार पाखें निकोगु श्रीलंका भ्रमण

*प्रस्तुति- केशावती गुरुमां*

थ्व हे वंगु २०६८ साल फागुन २४ गते निसे चैत ६ गते तक धर्मकीर्ति विहारं निक्कोगु श्रीलंका भ्रमण क्वचाल। धम्मवती गुरुमांया अनुमतिकथं केशावती गुरूमाँनं न्याय्कुगु भ्रमणय् (केशावती गुरूमाँ) जि व सुवोध भन्ते मिले जुया श्रीलंका भ्रमण याका हया। जिपिं वनापिं खः रत्नविपस्सना विहारं सयादो ऊ सुजनपिय भन्ते, विना गुरुमाँ मिना गुरूमाँ सहित २२ जना दु। जिपिं चाःहिलागु मुख्य थाय् थुकथं खः।

क्यान्दि दन्त धातु, अनुराधापुर (संघमिता गुरुमाँ नं बोधिवृक्ष हैबिज्यागु थाय्), पोल्लान रूवा, कतरगम कलुतर, तिस्समदाराम विहार, मैयाङ्गन, त्रिकोनामलि, दाम्बुल, सिग्री, सीरीपाद, सीता ऐतिया, मतर, मातले को लोम्बो चिडिया घर) क्यालनी बिहार, गोलफेस, गंगाराम विहार, मिहितले, इत्यादि।

श्रीलंकाय् दक्को जिम्माकया गुहाली यानाबिज्याम्ह, नेपायाम्हँ भन्ते वजिर श्री भन्ते खः। वस्पोल भन्ते च्वना बिज्यागु विहारे जिपिं वनापिं सकले मुना ६० जना भन्ते पिं व गुरूमाँपिन्त भोजन दान बिया वया। उकिं वनापिं दातापिंसं धैदिल भन्ते गुरूमाँपिं नापं वनाः पूण्यनं याये् खं न्ह्याइपुक चाहिले नं खँ धैदिल।

जिमित गुहालि याना बिज्यापिं – वजिर भन्ते, जयन्तो भन्ते, सर्मिला गुरूमाँ सहित सकसित साधुवाद विया च्वना। सकलें वनापिं न्ह्याइपुक चाहिला गथे वना अथेहे थगु माँ देश हय्खनाः जि व सुबोध भन्ते हर्ष ताया च्वना। थ्व श्रीलंका यंकागु पूण्य द्वारा जिमि गुरु धम्मवती गुरुमाँया सुस्वास्थ, व दिर्घायु कामना यासे बुद्ध याके प्रार्थना याना च्वना।

## शाक्यमुनि विहारय् ज्ञानमाला भजन

*२०६९ वैशाख २० गते।*

*प्रस्तुती- प्रेमलक्ष्मी तुलाधर*

शाक्यमुनी कीर्ति विहार सतुंगलय् धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन श्रवण याय्गु सम्पन्न जुल। पूण्यवती गुरुमांया आहवान्य धर्मकीर्ति ज्ञानमाला भजन प्रस्तुत जूगु उगु ज्याभ्वले पूण्यवती गुरूमांनं ज्ञानमालायात चैत्य छगः नं प्रदान याना विज्यातसा बसयागु माक्व व्यवस्था नं यानाविज्यागु खः।



Downloaded from http://www.dhamma.digital

धर्म प्रचार — **समाचार**

# २५५६ औं बुद्ध पूर्णिमा महोत्सव मनाइयो



*२०६९ वैशाख २४ गते, आइतवार*

नेपाल अधिराज्यभर २५५६ औं बुद्ध पूर्णिमा महोत्सव हर्षोल्लाषपूर्ण वातावरणमा मनाइएको समाचार यसरी प्रष्ट भएको छ।

**आनन्दकुटी विहार, स्वयम्भू :**

यसदिन आनन्दकुटी विहारमा नरनारीहरूको घुइँचोले मेला लागेको देखिन्थ्यो । विहान देखि बुद्धको अस्थिधातु प्रदर्शन, बुद्ध पूजा र धर्मदेशना गरी सञ्चालन कार्यक्रम पश्चात् दिउँसो १२ बजे देखि २ बजेसम्म दर्शनार्थी भक्तजनहरूलाई बुद्ध जयन्ती समारोह समितिको आयोजनामा क्षीर भोजन प्रदान गरिको थियो । यहीदिन रक्तदान कार्यक्रम पनि सम्पन्न गरिएको थियो ।

दिउँसो ३:३० बजे संघनायक भिक्षु अश्वघोष महास्थविरको सभापतित्वमा बुद्ध जयन्ती समारोह समितिले २५५६ औं बुद्ध पूर्णिमाको उपलक्ष्यमा सार्वजनिक सभाको आयोजना गरिएको थियो। उक्त सभामा पञ्चशील प्रार्थना पश्चात् बुद्ध जयन्ती समारोहका महासचिव संघरत्न शाक्यले स्वागत मन्तव्य दिनुभएको थियो भने अखिल नेपाल भिक्षु महासंघका सचिव भिक्षु धर्ममूर्तिले बुद्ध धर्मलाई पुरातन धर्मका रुपमा लिई यस शान्ति धर्मलाई सरकारले विशेष प्राथमिकता दिनुपर्ने मनसाय व्यक्त गर्नुभएको थियो । यसरी नै भिक्षु कोण्डञ्यले धर्मनिरपेक्षता अनुसार धर्मको क्षेत्रमा भेदभाव नहुनुपर्ने कुरा बताउनु भयो ।

उक्त सभामा म्यानमारका राजदूत ऊ आये खाउङ श्रीलंकाका मिनिस्त्री काउन्सिलर जयसिंह, संयुक्त राष्ट्र संघका प्रतिनिधि ऐबर्ट पाइपरले बुद्धको शान्ति सन्देश सबैको लागि उपयोगी भएको कुरा बताउनु भएको थियो। उहाँहरूले बुद्धको जन्मभूमि नेपाल विश्वकै लागि महत्वपूर्ण भएको टिप्पणी गर्नुभएको थियो ।

राष्ट्रपति रामवरण यादवले भगवान बुद्धको महिमा विश्वमा व्याप्त रहेको बताउनु हुँदै बुद्ध जन्मस्थल लुम्बिनीको विकास राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिष्ठाको विषय बनेको कुरा उल्लेख गर्नुभयो ।

सोही समारोहमा प्रधानमन्त्री डा. बाबुराम भट्टराइले वैचारिक तथा आध्यात्मिक क्रान्तिका पथप्रदर्शक भगवान् बुद्धको सन्देश र शिक्षा विश्वकै लागि साझा सन्देश बनेको र पुरोहितवाद, ईश्वरवाद, लिङ्गभेद जस्ता सामाजिक विकृतीहरू विरुद्ध बुद्ध दर्शन क्रान्तिकारी रहेको कुरा औंल्याउनु भएको थियो ।

उक्त सभामा सभापतीको आशनबाट मन्तव्य व्यक्त गर्नुहुँदै संघनायक भिक्षु अश्वघोष महास्थविरले नेपालका राजनेताहरू बुद्ध शिक्षा विपरित गएको गुनासो पोख्नु हुँदै भन्नुभयो– "बुद्ध यथावादी तथाकारी हुनुहुन्थ्यो अर्थात् उहाँले कुरामा भन्दा काममा जोड दिने गर्नुहुन्थ्यो । तर आजका धेरैजसो नेताहरू कुरा वढी काम कम गर्नेगर्छन् । कुरामा सहमती जनाए पनि कामले असहमती जनाउने बानीले गर्दा उहाँहरूले आ-आफ्नो नियत ठीक पार्न सकिरहेका छैनन् ।"

बुद्ध पूर्णिमाको उपलक्ष्यमा हरेक तीन वर्षमा सम्पन्न गरिने अस्थिधातु यात्रा पनि सम्पन्न गरिएको थियो । कार्यक्रमको अन्त्यमा बुद्ध जयन्ती समारोह समितिका उपाध्यक्ष रमेश मानन्धरले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

**भक्तपुर :**

भक्तपुरमा पनि २५५६ औं बुद्ध पूर्णिमा विभिन्न कार्यक्रम सञ्चालन गरी मनाइएको समाचार छ। प्रवचन कार्यक्रममा बोल्नुहुँदै नेपाल मजदूर किसान पार्टीका अध्यक्ष नारायणमान विजुक्छेले आर्थिक उन्नति र गरीव उद्धारको विषयमा मार्क्सवादसंग बुद्ध दर्शन मेल खाने कुरा बताउनु भएको थियो। बुद्ध दर्शन र आजको सान्दर्भिकता प्रवचन कार्यक्रममा बोल्नुहुँदै उहाँले बुद्धको विचार साम्प्रदायिक नभई जीवन दर्शनको रुपमा विकास भएको र बुद्ध शिक्षा नै जीवन जीउने कला हो भन्नुभयो ।



Downloaded from http://www.dhamma.digital

कार्यक्रममा सभासद भिक्षु आनन्द, प्रेम सुवाल लगायतले दलगत र व्यक्तिगत स्वार्थमा भुलेका ठूला दलका नेतालाई बुद्ध दर्शनले सचेत गर्नुपर्ने धारणा व्यक्त गर्नुभएका थिए ।

यसरी नै भक्तपुर ६ इनाचो स्थित मुनिविहारको आयोजनामा बुद्धमूर्ति सहित शान्ति र्‍याली निकालिएको थियो । बाजा गाजा सहित निकालिएको उक्त र्‍यालिमा स्थानिय हिन्दू धर्मावलम्बीहरूको पनि उल्लेख्य सहभागिता रहेको थियो ।

भक्तपुरका बौद्ध समुदाय र बौद्ध समकक्ष विहार इताछ्यैंले पनि प्रभातफेरी कार्यक्रमको आयोजना गरिएको थियो भने मानन्धर व्यायाम मन्दिरले दत्तात्रयमा खुला रक्तदान कार्यक्रम सञ्चालन गरिएको थियो । उक्त कार्यक्रममा तीन महिला सहित ४० जना रक्तदाताहरूले रक्तदान गरेका थिए ।

## बुद्ध पूर्णिमाको उपलक्ष्यमा बौद्ध चित्र प्रतियोगिता

बौद्ध महिला संघ नेपालको आयोजनामा २५५६ औं बुद्ध पूर्णिमाको उपलक्ष्यमा बौद्ध चित्र प्रतियोगिता सम्पन्न भएको समाचार छ । बुद्ध विहारमा सम्पन्न गरिएको उक्त समारोह संघनायक भिक्षु अश्वघोष महास्थविरको प्रमुख आतिथ्य एवं भिक्षु धर्ममूर्तिको सभापतित्वमा सम्पन्न गरिएको थियो । प्रतियोगितामा सहभागी हुनु भएका सबै प्रतियोगिहरूलाई उपहार एवं प्रमाणपत्र प्रदान गरिएको थियो ।

## कारागारमा बुद्ध मूर्ति उद्घाटन

२५५६ औं बुद्ध पूर्णिमाको उपलक्ष्यमा धुलिखेल कारागार हातामा नव निर्मित बुद्ध प्रतिमा गत वैशाख २३ गते भिक्षु बोधिसेनले उद्घाटन गर्नुभएको समाचार छ ।

उक्त बुद्ध प्रतिमा ललितपुर स्थित बौद्ध शिक्षा तथा सामाजिक विकास केन्द्र नेपाल र कारागार प्रशासनको संयुक्त प्रयासमा स्थापना गरिएको कुरा बुझिएको छ ।

पूर्वाराम विहार धुलिखेलका प्रमुख भिक्षु गुणघोष महास्थविरले प्रवचन गर्नुभएको उक्त समारोहमा विजयरत्न तुलाधरले स्वागत मन्त्व्य दिनुभएको थियो । कार्यक्रममा आ-आफ्नो मन्त्व्य व्यक्त गर्नुहुने महानुभावहरूको नामावली समाचारमा यसरी उल्लेख गरिएको छ–

लोकबहादुर शाक्य, कारागारका चौकिदार सापकोटा, जेलर दाहाल तथा प्र.जि.अ. रुद्रनाथ वस्याल आदि । शील प्रार्थना एवं बुद्धपूजा गरी शुरु गरिएको उक्त कार्यक्रमको अन्त्यमा भिक्षु सुमेधले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

## भद्रगोगल जेलमा बुद्ध पूर्णिमा महोत्सव सम्पन्न

२५५६ औं बुद्ध पूर्णिमा उपलक्ष्यमा गत वैशाख २० गते बौद्ध सामाजिक शिक्षा तथा विकास केन्द्रको आयोजनामा भद्रगोल जेल प्रांगणको बुद्ध प्रतिमा अगाडि पञ्चशील प्रार्थना एवं बुद्ध पूजागरी प्रवचन पनि गरिएको थियो । उक्त अवसरमा जेलका बन्दी एवं पदाधिकारी तथा उपासकोपासिकाहरूको उपस्थिति रहेको थियो ।

संघ नायक भिक्षु अश्वघोष महास्थविरको प्रमुख आतिथ्यमा सम्पन्न उक्त कार्यक्रममा मन्तव्य व्यक्त गर्नुहुने महानुभावहरूको नामावली यसरी रहेको थियो–

भिक्षु अश्वघोष, भिक्षु संघरक्षित, प्रा. सुवर्ण शाक्य, जेलर भरत पौडेल, कारागार सुरक्षा प्रमुख गोपाल पोखरेल, बौद्ध शिक्षा तथा सामाजिक विकास केन्द्रका प्रमुख भिक्षु सुमेध आदि ।

कार्यक्रमका संयोजक विजयरत्न तुलाधरले स्वागत मन्तव्य दिनुभएको उक्त कार्यक्रम शान्तरत्न शाक्यले सञ्चालन गर्नुभएको थियो ।

## २५५६ औं बुद्ध पूर्णिमा काठमाडौंको हाँडीगाउँमा एक भव्य समारोहका साथ मनाइयो

*प्रस्तुती- श्यामलाल चित्रकार, महासचिव*

२०६९ साल वैशाख २० देखि २४ सम्म विभिन्न कार्यक्रमहरू सहित का.म.पा. वडा नं. ५ हाँडीगाउँमा श्री रमेश डंगोलको अध्यक्षतामा २५५६ औं बुद्ध जयन्ती समारोह समिति गठन गरी बुद्ध जयन्ती समारोह भव्य रुपमा मनाइयो । वैशाख २४ गते बुद्ध जयन्ती, स्वाँयापुन्हिको विहान सामुहिक बुद्ध पूजा पछि बाँसुरी, धिमे, नायखीं इत्यादि साँस्कृतिक बाजाका टोलिहरू, बुद्धको उपदेश लेखिएका प्लेकार्ड, ब्यानर सहित स्कूल, कलेजका शिक्षक शिक्षिका तथा विद्यार्थीहरू, समितिका पदाधिकारीहरू, उपासक, उपासिकाहरू, भिक्षुणीहरू र सिंगारिएको बुद्धको रथले भीमसेनस्थान नगरपक्रिमा गरी हजारौं संख्याको ठूलो र्‍याली का.म.न.पा. वडा नं. ५ को प्राङ्गणमा भेला भएको थियो । र्‍यालीका सहभागी विद्यालयहरूलाई र बाजा टोलीहरूलाई उपहार प्रदान



Downloaded from http://www.dhamma.digital

पछि प्रमुख अतिथि सम्माननीय पूर्वप्रधानमन्त्री श्री सूर्यबहादुर थापाले यस प्रकारको बुद्ध जयन्तीको अवसरमा सहभागी हुन पाएकोमा खुशी व्यक्त गर्नुहुँदै बुद्धको शान्तिको सन्देश सबैले अनुशरण गर्नुपर्ने सल्लाह दिनुभयो । यस समारोहमा धर्मकीर्ति विहारका श्रद्धेय इन्दावती गुरुमांले नेपालको अहिलेको संक्रमण परिस्थितिमा इच्छा, क्रोध, भय र अज्ञानताको वसमा नपरी न्यायपूर्वक राज्य सञ्चालन गर्नेबारे सारगर्भित धर्म देशना गर्नुभयो । क्रोधिहरूलाई अक्रोधि भई, दुर्जनहरूलाई सजन भई, कन्जुसहरूलाई दानी भइ र भूmठ बोल्नेहरूलाई सत्यवादी भई दमन गर्ने वाराणसीको वोधिसत्व ब्रह्मदत्तको जातक कथा पनि उदाहरण स्वरुप गुरुमांले वर्णन गर्नुभयो ।

कक्षा ५ वर्ष ९ को विद्यार्थी श्री सोयूज चित्रकारले बजाउनु भएको मधूर बाँसुरीको धूनबाट शुरु भएको समारोहमा उपस्थित अतिथिज्यूलाई समितिका महासचिव श्री श्यामलाल चित्रकारले हाँडीगाउँको बौद्धमय इतिहास र बुद्धको गुणहरूबारे प्रकाश पारि स्वागत गर्नुभएको थियो । समारोहका सभापति तथा २५५६ बुद्ध जयन्ती समारोह समितिका अध्यक्ष श्री रमेश डंगोलले प्रमुख अतिथि, गुरुमांहरू, चन्दादाताहरू, सहयोग कर्ताहरू र उपस्थिति सम्पूर्ण महानुभावहरूलाई धन्यवाद दिनुहुँदै सभा विसर्जन गर्नुभयो ।

समारोहमा आकर्षक उद्घोषण सचिव श्री कृष्णबहादुर डंगोलले, अतिथिहरूलाई ब्याच वितरण सदस्य श्रीमैया प्रजापतिले, समारोहमा उपस्थित चारजना गुरुमांहरूलाई वस्त्रदान श्री अरुण मानन्धरले गर्नुभएको थियो ।

वैशाख २०, २१ र २२ गते तीनदिन धर्मकीर्ति विहारका गुरुमांहरू श्रद्धेय केशावती, श्रद्धेय मेत्तावती र श्रद्धेय जयवतीले धर्मदेशना गर्नुभएको थियो ।

वैशाख २३ गते विहान धर्मकीर्ति विहारकै श्रद्धेय धम्मदिन्ना (चमेली) गुरुमांको अगुवाइमा २६ जना भिक्षुणीहरूले हाँडीगाउँको घर दैलोमा भिक्षाटन गर्नुभएको थियो । भिक्षादानमा हाँडीगाउँका निवासीहरूको अपार सहभागीता सञ्हानीय देखिन्थ्यो । सोही दिनको साँझ स्वयम्भू ज्ञानमाला भजन खलःले कर्णप्रिय भजन माध्यमबाट बुद्धको उपदेशहरू सशक्त सञ्चार भएको थियो ।

## "धर्म विजय पदनम" रनिङ्ग शिल्ड विश्वनिकेतन स्कूल लाई

२५५६ औं बुद्ध जयन्तीको शुभउपलक्ष्यमा श्री लक्ष्मीदेवी सिंह स्मृति "धर्म विजय पदनम रनिङ्ग शिल्ड" अन्तर मा.वि. बौद्ध हाजिरी जवाफ प्रतियोगिता २०६९ गण महा विहारमा सम्पन्न भएको थियो । तीन दिनसम्म सञ्चालित उक्त प्रतियोगिताको फाइनल प्रतियो गिता चार वटा स्कूलहरू बीच भएको थियो । क्रमशः विश्व निकेतन उच्च मा.वि. त्रिपुरेश्वर - प्रथम, नेपाल आदर्श मा.वि. गणबहाल - दोस्रो र कान्ति ईश्वरी मा.वि. प्याफल - तेस्रो भएका थिए । विजेता स्कूलहरूलाई पुरस्कार, प्रमाण-पत्र, नगद उपहार प्रमुख अतिथि नेपालका जेष्ठतम भिक्षु अश्वघोष महास्थविरज्यूबाट प्रदान गरेका थिए । सो दिन निर्णायकमा भिक्षु अस्सजीत, श्रीमती मिना तुलाधर रहनुभएको थियो । विशेष अतिथिको रुपमा राजभाई शाक्य, बखतबहादुर चित्रकार, शुशिला श्रेष्ठ रहनुभएको थियो प्रमुख अतिथि, विशेष अतिथिहरू निर्णायकहरूलाई भिक्षु सोभितज्यूले धर्म उपहार प्रदान गरेका थिए ।

हाजिरी जवाफ प्रतियोगिता हरेक वैशाख पूर्णिमाका दिन पारेर धर्म विजय पदनमले आयोजना गर्दै आएको छ । यो वर्ष छैठौं संस्करण हो ।

## गणमहाविहारमा बुद्ध जयन्ती

२५५६ औं बुद्ध जयन्तीको उपलक्ष्यमा गण महाविहारको आयोजनामा साप्ताहिक कार्यक्रम सम्पन्न भएको थियो । दैनिक ज्ञानमाला भजन, शील प्रार्थना, बुद्ध पूजा, परित्राण पाठ, धर्मदेशना भएकोमा २२ गते विहार को उपासक, उपासिकाहरू बीच बौद्ध वक्तृत्वकला प्रतियोगिता सम्पन्न भएको थियो । प्रतियोगितामा पदमा नकर्मी-प्रथम, चम्पा डंगोल-दोस्रो, बेखामाया महर्जन-तेस्रो भएका थिए । विजयी प्रतियोगिहरूलाई भिक्षु सोभितले पुरस्कार प्रदान गर्नुभएको थियो । २४ गते वैशाख पूर्णिमाका दिन ६०० भन्दा बढी व्यक्तिहरूलाई क्षीर भोजन र साना-साना नानीहरूलाई कल्प वृक्ष दान गरेका थिए । सो कार्यक्रममा २०० जना भन्दा बढी विद्यार्थीहरूको सहभागिता रहेको थियो । ज्ञानमाला भजन, बुद्ध पूजा, धर्मदेशनाका कार्यक्रम रहेको र साँझ बुद्ध मूर्ति समक्ष दीपावली गरी साप्ताहिक कार्यक्रमको समापन भएको थियो ।



Downloaded from http://www.dhamma.digital

## यशोधरा बुद्ध विहार

यशोधरा बुद्ध विहार माइधार सतासीधाम झापामा बुद्धजयन्तीको पावन अवसरमा २० गते देखि २४ गतेसम्म बुद्धपूजा, धर्मदेशना प्रवचन ज्ञानमाला भजन कार्यक्रम सम्पन्न भयो ।

## धर्मोदय सभा झापा र बिर्तामोड

यो वर्ष २०६९ वैशाख २३ गते शनिवारको दिन झापा बिर्तामोडमा शान्तिऱ्याली र धर्मदेशना प्रवचन कार्यक्रम भएको थियो । धर्मोदय सभा झापा बिर्तामोडको आयोजनामा दिनेश शाक्यको अध्यक्षतामा भएको बुद्धजयन्तीको पावन अवसरमा प्रमुख अतिथि भिक्षु गौतम 'शिशिर' र २५५६ औं बुद्धजयन्ती समारोह समितिका मूल संयोजक प्रसिद्ध गीतकार शिवशङ्कर थापा मगर हुनुहुन्थ्यो । जिल्ला स्तरिय कार्यक्रम बुद्धजयन्तीको अवसरमा सम्पन्न भयो ।

## दकम बेलडाँगी भुटानी शरणार्थी क्याम्प

दकम बेलडाँगी भुटानी शरणार्थी क्याम्पको बुद्धविहार (गुम्बा) मा पनि २५५६ औं बुद्धजयन्तीको पावन अवसरमा शरणार्थी भुटानी आमा बुबा तथा दाजु भाई दिदी बहिनीहरूले बुद्ध पूजा ज्ञान माला भजन शान्तिपद यात्रा साथै गौतम भन्तेबाट धर्मदेशना प्रवचन कार्यक्रम सम्पन्न भयो । शरण लामा (मगर) को आयोजनामा ।

## भिक्षु संवेजकीर्ति स्मृति सिरपा २०६९ प्रदान गरियो

*२०६९ वैशाख १२ गते ।*

*स्थान- गण महाविहार ।*

बुद्ध शासन संरक्षण, सम्वर्ध्यन कार्यमा आफ्नो जीवन अर्पण गर्दै आउनुभएका नव उपसंघनायक भिक्षु ज्ञानपूर्णिक महास्थविरलाई उहाँको योगदानलाई कदर गरी भिक्षु संवेजकीर्ति स्मृति सिरपा २०६९ प्रहान गरिएको समाचार छ ।

ऐतिहासिक गणमहाविहारमा रही ७ दशक देखि बुद्ध शासनको पूण्यकार्य सम्पादन गर्दै आउनुभएका व्यक्तित्व दिवंगत भिक्षु संवेजकीर्तिको गुणानुस्मरण गरी सोभितले "दि. भिक्षु संवेजकीर्ति सिरपाः" धम्म सम्मान कोषको रूपमा स्थापना गर्नुभएको थियो ।

कार्यक्रममा भिक्षु ज्ञानपूर्णिक, भिक्षु शोभित एवं गायिका रमना श्रेष्ठले दिवंगत भिक्षु संवेजकीर्तिको व्यक्तित्व एवं कृत्तित्व वारे चर्चा गर्नुभएको थियो ।

आउँदो सालमा उक्त सिरपाः धम्मवती गुरूमांलाई प्रदान गरिने जानकारी पनि उक्त सभामा व्यक्त गरिएको थियो । रमना श्रेष्ठले संचालन गर्नु भएको उक्त कार्यक्रम नव उपसंघनायक भिक्षु ज्ञानपूर्णिका महास्थविरको स्वागत सम्मान गरी हार्दिक ज्ञापनपत्र प्रदान गरिएको थियो ।

## दुर्लभ प्रवज्या

*२०६९ वैशाख ८ गते, शनिवार*

पद्म चैत्य विहारको आयोजनामा ९ जना शाक्य कुलपुत्र एवं २ जना शाक्य कुलपुत्रीहरूलाई दश दिने अल्पकालिन प्रव्रज्या शिविर कार्यक्रम संचालन गरिएको थियो । भिक्षु आलोकको समुपस्थितीमा सम्पन्न उक्त कार्यक्रम अवधिभर बुद्धपूजा, ध्यानभावना, भिक्षाटनका साथै अनुशासित ढंगबाट सरसफाई देखि लिएर अन्य विभिन्न कार्यक्रमहरूमा सहभागी गराइएको समाचार छ ।

## Meeting Procedure Training

*२०६८ फाल्गुण १० गते*

शाक्यधिता नेपालको आयोजनामा एकदिने Meeting Procedure Training सञ्चालन गरिएको समाचार छ । शाक्यधिता नेपालका सहसचिव कीर्ति तुलाधर र प्रफुल्लकमल ताम्राकारले प्रशिक्षण दिनुभएको उक्त कार्यक्रममा जम्मा १४ जना शाक्यधिताका सदस्यहरू सहभागी रहेका थिए । अन्त्यमा सहभागी सबैलाई इन्दावती गुरुमांले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

## बुद्धमूर्ति स्थापना

*२०६९ बैशाख ३० गते, शनिवार*

भक्तपुर जिल्लाको चितपोल गा.वि.स. वडा नं. १ स्थित वाचामारी डाँडामा अरनिको राजमार्ग छेउमा १२.५ फीटको (आशन सहित २० फीट अग्लो) बुद्धमूर्ति स्थापना गरिएको छ । संघनायक भिक्षु अश्वघोष महास्थविरबाट मूर्ति समुद्घाटन गर्नुभएपछि शील प्रार्थना र बुद्धपूजा भएको उक्त समारोहमा ५ दर्जन भिक्षु एवं श्रामणेरहरू तथा हजारौं संस्थामा भक्तजनहरू भक्तपुर, बनेपा, ठिमी, ललितपुर, धुलिखेल एवं काठमाडौंबाट सहभागी रहेका थिए ।

बुद्धपूजा पछि पूण्यरत्न शाक्यको सभापतित्वमा सञ्चालित उक्त कार्यक्रममा बौद्ध संघ भक्तपुरका अध्यक्ष त्रिरत्न शाक्यले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो भने संयोजक एवं कोषाध्यक्ष सुगतरत्न बज्राचार्यले प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । प्रस्तुत प्रतिवेदन अनुसार संघरत्न शाक्य खमाःबहालले रु. ३,२५,०००/– प्रदान गरी बुद्धपूर्तिको प्रस्तुत दाता बन्नुभएको थियो ।



Downloaded from http://www.dhamma.digital

उक्त समारोहमा केन्द्रिय दायक परिषदका अध्यक्ष बखतबहादुर चित्रकार, मूर्ति निर्माणका प्रमुख दाता संघरत्न शाक्य खमाः बहाल, अर्जुन खत्री, सभापती पूण्यरत्न शाक्य आदि वक्ताले आ-आफ्नो मन्तव्य व्यक्त गर्नुभएका थिए । त्यसपछि प्रमुख अतिथि भिक्षु अश्वघोष महास्थविरले मन्तव्य दिनुहुँदै भन्नुभयो– “श्रद्धालु व्यक्तिहरूको चित्त शीतल र शुद्ध हुनको लागि बुद्धमूर्ति स्थापना कार्य माध्यम बनेको छ ।”

भगवान् बुद्धले भन्नुहुन्छ– “पापकर्म नगर्नाले र पूण्यकर्म गर्नाले मात्र पुग्दैन, हाम्रो चित्त पनि शुद्ध हुनुपर्छ ।”

सुगतरत्न बज्राचार्यको प्रतिवेदन अनुसार कुल चन्दा संकलन रु. १३,३८४०/– थियो भने खर्च गरेर बाँकी रकम रु. ६९८१/– थियो ।

अन्त्यमा सत्यनारायण फैजुले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

## धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको नयाँ पदाधिकारी चयन

*२०६८ चैत्र ४ गते, शनिवार*

उक्त दिन सम्पन्न वार्षिक भेलामा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको कार्यकारीणी समिति पुनर्गठन भयो । गोष्ठीको अध्यक्ष पूजनीय धम्मवती गुरुमांको निर्देशनमा पुनर्गठित समितिका पदाधिकारीहरू यसरी रहनु भएको छ–

१) धर्मानुशासक - भिक्षु अश्वघोष महास्थविर
२) संरक्षिका - दो. गुणवती गुरुमां
३) अध्यक्ष - धम्मवती गुरुमां
४) उपाध्यक्ष - वीर्यवती गुरुमां
५) उपाध्यक्ष - इन्दावती गुरुमां
६) सचिव - लोचनतारा तुलाधर
७) सह-सचिव - चन्द्रलक्ष्मी वज्राचार्य
८) कोषाध्यक्ष - श्यामलाल चित्रकार
९) सह-कोषाध्यक्ष - रामकुमारी मानन्धर
१०) सदस्य - अमीरकुमारी शाक्य
११) सदस्य - रमाशोभा कंसाकार
१२) सदस्य - उर्मिला ताम्राकार
१३) सदस्य - सरोज मानन्धर
१४) सदस्य - सुभद्रा स्थापित
१५) सदस्य - दीना कंसाकार

यस समितिको कार्यकाल तीन वर्षको हुनेछ ।

## शुभकामना

✍ **शुमेधावती**



नयाँ वर्ष संग-संगै शुभकामना छ
धम्मावती गुरुमांको सु-स्वास्थ्य लाभको
नयाँ ऋतु संधै दीर्घायु होउन्
शुभकामना मङ्गल कामना गर्दछु ॥

हामी माझ सदा-सर्वदा अगाडि होउन्
भगवान बुद्धको मैत्रीले युक्त भएको
महापरित्राण पाठको आनिशंसले
रोग निर्मूल भई सुख लाभ होउन् ॥

हामीलाई आमाले जन्म दिएर
संसार देख्न र हेर्न पाए जस्तै
ज्ञानको मार्ग देखाई दिने गुरु तपाईं नै
शुभकामना मैत्री कामना गर्दछु ॥

आमामा मैत्री, करुणा, उपेक्षा, मुदिता भए जस्तै
तपाईंमा पनि बुद्ध शिक्षा र ज्ञानका भण्डार छन्
हामी चेलीहरू तपाईंकै छत्र छायाँमा बस्न पाउँ
दिनौं भगवान् बुद्धलाई प्रार्थना गर्दछु ॥

विहारमा भगवानको प्रतिमाले स्वभादिए जस्तै
मन्दिरमा देवताको मूर्तिले स्वभादिए जस्तै
नदीमा पानीले स्वभादिए जस्तै ॥

धम्मावती गुरुमाँ पनि हामी माझ
विराजमान भइराख्नु स्वभनिय हुनुहुन्छ
हामीमा होश र जाँगरको पनि विकास हुनेछ
धम्मवती गुरुमाँलाई कोटी कोटी शुभकामना छ ॥



Downloaded from http://www.dhamma.digital

## तातोपानी भ्रमण



*भ्रमण कार्यक्रममा सहभागी उपासकोपासिकाहरूका साथ इन्दावती गुरुमां र मेत्तावती गुरुमां*

*प्रस्तुती- भिक्षुणी इन्दावती*

शाक्यधिता नेपालको आयोजनामा यसपटक २०६९ वैशाख ११ र १२ गतेका दिन बाऱ्हबिसे र तातोपानी गरी दोस्रो पटकको धार्मिक भ्रमण सम्पन्न भएको छ।

११ गतेका दिन बाऱ्हविसे परिसरमा रहेको चैत्यमा इन्दावती गुरुमांले बुद्ध पूजा गराउनु भएको थियो भने मेत्तावती गुरुमांले धर्मदेशना गर्नुभएको थियो।

अन्त्यमा इन्दावती गुरुमांले कार्यक्रममा सहभागी सबैलाई धन्यवाद ज्ञापन गरी कार्यक्रम समापन गरियो। कार्यक्रमका संयोजक माधुरी शाक्य रहनुभएको यस कार्यक्रममा जम्मा २५ जना उपासकोपासिकाहरू सहभागी रहनुभएका थिए।

## विहारको २९ वर्ष प्रवेश तथा २५५६ औं बुद्ध जयन्ती सम्पन्न

२०६८ चैत्र १८ गते

यस दिन काभ्रेपलाञ्चोक बुद्ध विहार स्थापना भएको २९ औं वर्ष मनाइयो। अखिल नेपाल भिक्षु महासंघका अध्यक्ष भिक्षु बोधिसेन महास्थविरको आतिथ्यत्वमा सम्पन्न कार्यक्रममा अष्ट परिष्कार दान, जलपान भोजन दान गरी भिक्षु रेवतकीर्ति सहित उपासक उपासिकाहरूको उपस्थितिमा सम्पन्न गरियो। कार्यक्रममा पछि परिरहेको विहारहरूको संरक्षण सम्बर्द्धनमा लाग्नु पर्ने बोधिसेन महास्थविरले बताउनु भयो।

यसैगरी २५५६ औं बुद्ध जयन्तीको उपलक्ष्यमा काभ्रेपलाञ्चोक जिल्लाको विभिन्न स्थानमा साप्ताहिक बुद्ध पूजा र धर्मदेशना गरियो बुद्ध जयन्तीको दिन बुद्ध प्रतिमा रथमा राखी नगर परिक्रमा गरियो विहार परिसरमा पुगी ज्ञानमाला भजन अन्त्यमा प्रस्तुत गरी आवासिय भिक्षु रेवतीकीर्तिज्यूले धर्मदेशना गर्नुभयो।

## गुणानुस्मरण सभा सम्पन्न

संघउपनायक दिवंगत भिक्षु कुमार काश्यप महास्थविर एवं दिवंगत लोकदर्शन बज्राचार्यको पूण्य स्मृतिमा बौद्ध महिला संघ बुद्ध विहार भृकुटीमण्डपले गुणानुस्मरण सभा आयोजना गरेको छ। उक्त सभा संघनायक भिक्षु अश्वघोष महास्थविरको सभापतित्वमा सम्पन्न भएको थियो।



Downloaded from http://www.dhamma.digital

## अखिल नेपाल भिक्षु महासंघद्वारा २०६८ माघ महिनामा सञ्चालित परियत्ति शिक्षाको परीक्षामा (धर्मकीर्ति परियत्ति केन्द्र)बाट उतीर्ण परीक्षार्थीहरूको नामावली

| क्र.सं. | नाम | कक्षा | श्रेणी |
|---|---|---|---|
| १) | ध्यानवती गुरुमां | १० | बोर्ड द्वितीय |
| २) | मीना तुलाधर | १० | द्वितीय |
| ३) | करुणावती गुरुमां | १० | द्वितीय |
| ४) | अमृतशोभा शाक्य | १० | आंशिक |
| ५) | सुवण्णवती गुरुमां | ९ | द्वितीय |
| ६) | वण्णवती गुरुमां | ८ | प्रथम |
| ७) | उष्णीषतारा तुलाधर | ८ | आंशिक |
| ८) | अमिर महर्जन | ७ | प्रथम |
| ९) | सुमना गुरुमां | ७ | द्वितीय |
| १०) | दुर्गादेवी मानन्धर (रेग्मी) | ६ | प्रथम |
| ११) | दीना कंशाकार | ६ | द्वितीय |
| १२) | चन्द्रलक्ष्मी बज्राचार्य | ६ | द्वितीय |
| १३) | अम्बिका श्रेष्ठ | ६ | द्वितीय |
| १४) | सुमित्रा शाक्य | ६ | द्वितीय |
| १५) | शान्ति विष्ट | ५ | द्वितीय |
| १६) | कारुणिका गुरुमां | ५ | द्वितीय |
| १७) | चन्द्रश्री गुरुमां | ५ | द्वितीय |
| १८) | सोनिका महर्जन | ५ | द्वितीय |
| १९) | लुनिभा महर्जन | ५ | द्वितीय |
| २०) | विपश्यना शाक्य | ५ | द्वितीय |
| २१) | सुखिता गुरुमां | ५ | द्वितीय |
| २२) | नानीहेरा प्रजापती | ५ | तृतीय |
| २३) | छेकत्राणी गुरुमां | ४ | प्रथम |
| २४) | खेमिका गुरुमां | ४ | द्वितीय |
| २५) | प्रज्वल श्रेष्ठ | ३ | प्रथम |
| २६) | अमिता मानन्धर | ३ | प्रथम |
| २७) | महिम श्रेष्ठ | ३ | प्रथम |
| २८) | छोरी महर्जन | ३ | प्रथम |
| २९) | मन्दिप श्रेष्ठ | ३ | द्वितीय |
| ३०) | अनुश्री शाक्य | ३ | द्वितीय |
| ३१) | बसुन्धारा मानन्धर | ३ | द्वितीय |
| ३२) | एलिना शाक्य | २ | प्रथम |
| ३३) | समुन्द्रदेवी ताम्राकार | २ | प्रथम |
| ३४) | पूर्णलक्ष्मी श्रेष्ठ | २ | प्रथम |
| ३५) | अन्जिता कार्की | २ | प्रथम |
| ३६) | माया तामाङ्ग | २ | प्रथम |
| ३७) | सृष्टी शाक्य | २ | प्रथम |
| ३८) | तारा खड्गी | २ | प्रथम |
| ३९) | स्वस्तिका रञ्जित | २ | प्रथम |
| ४०) | अमनरत्न कंसाकार | २ | प्रथम |
| ४१) | प्रणय श्रेष्ठ | २ | प्रथम |
| ४२) | कृपा खड्गी | २ | प्रथम |
| ४३) | पल्पसा शाक्य | २ | द्वितीय |
| ४४) | रसिकरत्न तुलाधर | २ | द्वितीय |
| ४५) | सुरीतरत्न कंसाकार | २ | द्वितीय |
| ४६) | सोभना खड्गी | २ | द्वितीय |
| ४७) | मिरा महर्जन | २ | द्वितीय |
| ४८) | दुर्गा शाही | २ | द्वितीय |
| ४९) | मनिषा पाण्डे | २ | द्वितीय |
| ५०) | लसन तुलाधर | २ | द्वितीय |
| ५१) | सुमित महर्जन | २ | द्वितीय |
| ५२) | रश्मिला तुलाधर | २ | द्वितीय |
| ५३) | कीर्तिवती गुरुमां | १ | बोर्ड प्रथम |
| ५४) | गीता सिंह | १ | प्रथम |
| ५५) | पद्मातारा तुलाधर | १ | प्रथम |
| ५६) | नानीकेशरी बज्राचार्य | १ | प्रथम |
| ५७) | सलिल महर्जन | १ | प्रथम |
| ५८) | भावना श्रेष्ठ | १ | प्रथम |
| ५९) | पुष्पशोभा तुलाधर | १ | प्रथम |
| ६०) | तिलक प्रसाद उपाध्याय | १ | प्रथम |
| ६१) | अनुपा श्रेष्ठ | १ | प्रथम |
| ६२) | प्रज्वलमान शाक्य | १ | प्रथम |
| ६३) | इरिसा श्रेष्ठ | १ | प्रथम |
| ६४) | चमेली महर्जन | १ | प्रथम |
| ६५) | लुजना वज्राचार्य | १ | प्रथम |
| ६६) | सविका महर्जन | १ | प्रथम |
| ६७) | सगीना महर्जन | १ | द्वितीय |
| ६८) | समिर तामाङ्ग | १ | तृतीय |



Downloaded from http://www.dhamma.digital

बा.अ.का.द.नं. - ७०/०४०/४१ म.क्षे.हु.नि.द.नं. १७/०६५/६६

अनिच्चावत संखारा उप्पादवय धम्मिनो।
उपज्जित्वा निरूज्भन्ति तेसंऊपसमो सुखो॥



## दिवंगत रत्नदेवी मानन्धर

*जन्म : वि.सं. १९८७ आश्विन ४ गते, शनिवार*
*दिवंगत : वि.सं. २०६९ ज्येष्ठ २ गते, मङ्गलवार, दशमी*

**धर्मकीर्ति पत्रिकाका सम्पादक वीर्यवती गुरुमांको ममतामयी माता तथा धर्मकीर्ति पत्रिकाका विशेष सदस्य दिवंगत रत्नदेवी मानन्धरलाई सुगति सहित निर्वाण कामना गर्दछौं।**

## धर्मकीर्ति पत्रिका परिवार

मुद्रक: न्यू नेपाल प्रेस प्रधान कार्यालय: १४२ मनकामना मार्ग, नागपोखरी, काठमाडौं | फोन: ४४३४८५०, ४४३४७५३ | फ्याक्स: ४४३३९२९ | newnepalpress@gmail.com
व्यापारिक कार्यालय: शुक्रपथ, काठमाडौं | फोन: ४२५९०३२, ४२५९४५० | फ्याक्स: (९७७-१) ४२६४७३७ | email: newnepalpress011@gmail.com

Downloaded from http://www.dhamma.digital

# THE DHARMAKIRTI

## A BUDDHIST MONTHLY



बु.सं. २५५६ औं वैशाख पूर्णिमाका दिनमा धर्मकीर्ति विहारमा आयोजित रक्तदान शिविरमा रक्तदान दिनुहुँदै रक्तदाताहरू तथा स्वयं सेवीहरू

वर्ष-३०; अङ्क-२ बु.सं. २५५६, ज्याः पुन्हि

Downloaded from http://www.dhamma.digital

अनिच्चावत संखारा उप्पादवय धम्मिनो ।
उपज्जित्वा निरूज्झन्ति तेसंऊपसमो सुखो ॥

## बिचाः हायेका




जन्म -
वि.सं. १९८७
फाल्गुण शुल्क
नवमी

दिवंगत -
२०६८ चैत्र २३ गते,
विहीवाः

# लोकदर्शन वज्राचार्य

**धर्मकीर्ति विहार स्थापना जुसाःनिसें थुगु विहारया कार्यक्षत्रय्**
**अमूल्य योगदान याना वया च्वना दीम्ह धर्मकीर्ति विहार संरक्षण कोषया सल्लाहकार**
**दिवंगत भाजु लोकदर्शन वज्राचार्यया निर्वाण कामना याना च्वना ।**

**भिक्षुणी धम्मवती प्रमुख धर्मकीर्ति विहार संरक्षण कोष**
**धर्मकीर्ति विहार परिवार**
श्रीघः, नघः, काठमाडौं

## ध्यानकुटी मैत्री केन्द्र बाल आश्रमलाई सहयोग

१) Mrs. Juliana, Malaysia us — $ 100
२) प्रकाश वीरसिंह तुलाधर, लाजिम्पाट — रु.१५००/-
३) प्रज्ञान तुलाधर, भोटाहिटि — रु. ५००/-
४) बाबुराजा तुलाधर, ग्लास हाउस, असन — रु. ५००/-
५) केश चन्द्र शाक्य, बनेपा — रु. ५००/-
६) श्रीधर मानन्धर, शान्ती मानन्धर
धरहरा, काठमाडौं – १ थान इलेक्ट्रिक थर्मस

**आजिवन वार्षिक भोजन प्रदान गर्ने दाताहरू –**

७) दिव्य रत्न डंगोल, मजिपाट, काठमाडौं
(जन्मदिनको उपलक्ष्यमा) — रु. १५०००/-

Downloaded from http://www.dhamma.digital